जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २७ • अंक ३४७ • २०८३ साल जेठ २ गते शनिबार (16 May, Saturday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

### मुख्यमन्त्री यादवको आयु लम्बियो

## कांग्रेसमा फ्लोर क्रसको डर, कांग्रेस, एमाले र नेकपाको गठबन्धनको सम्भावना

**टुडे समाचारदाता**

जनकपुरधाम । सत्तारुढ नेपाली कांग्रेसबाट नै फ्लोर क्रसको अवस्था देखेपछि मुख्यमन्त्री कृष्णप्रसाद यादवले विश्वासको मत शुक्रबार नलिइ अब यही जेठ ८ गते विश्वासको मत लिने भएका छन् ।

शुक्रबार विहान ११ बजे मुख्यमन्त्रीले विश्वासको मत लिने प्रदेश सभाको कार्यतालिका तय गरिएको थियो । तर आफ्नै पार्टी भित्रबाट फ्लोर क्रस हुने सम्भावना देखेपछि मुख्यमन्त्री यादव सहमति जुटाउन छलफलमा जुटेका थिए ।

जनमत पार्टीले दिएको समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादवलाई विश्वासको मत एक महिनाभित्रमा लिनुपर्ने व्यवस्था छ । तर शुक्रबार लिने भनिएको विश्वासको मत हाउसको कार्यसूचीमा फेरबदल भएको पाइएपछि सत्ता पक्ष र विपक्षका सांसदहरुले समेत असन्तुष्टि पोखे ।

मुख्यमन्त्री यादवले आफ्नै पार्टीभित्रबाट विश्वासको मत नपाउने थाहा पाएपछि उनले पटकपटक आफ्नै दलका प्रदेश सांसद, सत्तागठबन्धनका सांसद, विपक्षी दलका नेताहरुसंग र अन्तमा कार्यव्यवस्था परामर्श समितिको बैठकबाट सहमति पश्चात जेठ ८ गते विश्वासको मत लिने र शुक्रबार सातौं अधिवेशनको प्रथम बैठक भएकाले शुभकामना मन्तव्यपछि हाउस स्थगन गर्ने निर्णय भएको प्रदेश सभा सचिवालयले जनाएको छ ।

नेपाली कांग्रेसका करिब ६ जना प्रदेश सांसदले असन्तुष्टि जनाएपछि विहान ११ बजे बस्ने भनिएको बैठक करिब चार घण्टापछि बसेको थियो । यसअघि जसपा नेपालले पनि मुख्यमन्त्रीको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै विश्वासको मत नदिने भनेपछि मुख्यमन्त्री यादव नेतृत्वको सरकारमाथि संकट मडारिन पुग्यो ।

हाउस सञ्चालन अघिसम्म सबै दलका नेताहरुसंग बसेर मुख्यमन्त्री यादवले यही जेठ ८ गते बस्ने गरी सदन स्थगनका लागि लविंग थालेका थिए । यसक्रममा जसपा नेपाल, नेपाली कांग्रेसभित्रको असन्तुष्टि साम्य भएपछि मुख्यमन्त्री यादवका लागि स्थिति सहज बने पनि शुक्रबार नै विश्वासको मत लिने माहोल भने बनेन ।

जसपा नेपालका प्रदेश सांसदसमेत रहेका पूर्वमुख्यमन्त्री लालबाबु राउतले आफूहरु वर्तमान सरकारकै पक्षमा रहेको बताए ।

उनले जसपा नेपालको समेत समर्थन रहेकाले तत्काल सरकार फेरबदलको खेलमा आफूहरु नरहेको प्रस्ट्याए । मुख्यमन्त्री यादवले गुपचुप रुपमा हाउस छल्ने गरी अन्तिम समयमा कार्यसूची परिवर्तन गरिएको विषयलाई लिएर जनमत पार्टीले कडा आपत्ति जनाएको छ । जनमतका प्रदेश सांसद संजय कुमार यादवले सभामुखले 'छापामार शैली'मा नियमावली विपरीत कार्यसूची हेरफेर गरेको आरोप लगाए ।

उनले प्रश्न गर्दै भने, 'हामीले अध्ययन गरेको नियमावलीको कुन कानुन टेकेर सभामुखज्यूले कार्यसूची हेरफेर गर्नुभयो ?'

उनले एकपटक सरकारले विश्वासको मत लिने निर्णय गरिसकेपछि त्यसलाई दिने वा नदिने विषय सदनमै टुंगिनुपर्ने बताए । तर सत्तापक्षले आफ्नो अनुकूलता अनुसार अन्तिम समयमा कार्यसूची परिवर्तन गर्नु संसदीय अभ्यास र लोकतान्त्रिक मूल्य विपरीत रहेको उनले बताए ।

सत्तापक्षले आफ्नो अनुकूलता अनुसार अन्तिम समयमा कार्यसूची परिवर्तन गर्नु संसदीय अभ्यास र लोकतान्त्रिक मूल्य विपरीत रहेको उनको भनाइ थियो । सत्तापक्षकै दल र सत्तागठबन्धन दलबीचको समन्वय र सहकार्य नहुँदा तथा सरकारकै कारण प्रदेश सांसदहरु पनि असन्तुष्ट देखिनु नै असफलताको संकेत रहेको नेकपा एमालेका सांसद राजकुमार लेखीले टिप्पणी गरे ।

गत वैशाख २२ गते जनमतले नेपाली कांग्रेसका कृष्णप्रसाद यादव नेतृत्वको मधेश सरकारबाट समर्थन फिर्ता लिएपछि संविधान तथा कानुनी व्यवस्थाअनुसार सरकारले ३० दिनभित्र विश्वासको मत लिनुपर्ने अवस्था उत्पन्न बन्यो । सोहीअनुसार विश्वासको मत लिने तयारी भए पनि कांग्रेसभित्रै 'फ्लोर क्रस' हुने भय, सत्तागठबन्धन जसपा नेपालको समर्थन फिर्ता लिने त्रास, देखेपछि यादव सरकारले अन्तिम समयमा समितिको बैठकबाट नै विश्वासको मत नलिने गरी कार्यसूची परिवर्तन गर्नु परेको थियो । अब यही जेठ ८ गते मुख्यमन्त्री यादवले विश्वासको मत लिने भएका छन् । त्यसमा नेकपा एमाले मुख्यमन्त्री यादवकै पक्षमा मत दिने भएका छन ।

मधेश प्रदेश सरकारमा जुनसुकै बेला ढल्ने सम्भावना जीवितै रहँदा केन्द्रमा भने विपक्षी दलहरु बीच करिब-करिब सहमति नजिक पुगेको स्रोतको दाबी छ ।

स्रोतका अनुसार सात वटै प्रदेशमा समीकरण फेरबदल हुने सम्भावना बलियो छ । नेकपा एमाले, नेपाली कम्युनिष्ट पार्टी(नेकपा) र नेपाली कांग्रेस सहमति नजिक पुगिसकेको छ । तर कांग्रेसका सभापति गगनकुमार थापा पार्टी काममा काठमाण्डु बाहिर रहेका कारण तीन दल बीचको सहमति प्रक्रिया रोकिएको छ । उनी काठमाण्डु पुगे लगत्तै एमाले, नेकपा र कांग्रेसबीच सहमति भइ सात वटै प्रदेशमा सशक्त रुपमा प्रदेश सरकार गठन गर्ने र विकास, पारदर्शी, सुशासन र जनताको माग सम्बोधन हुने गरी रोडम्याप तय गर्दै प्रदेश सरकार गठन हुने सम्भावना बलियो रहेको स्रोतको दाबी छ ।



## जनमतमा कुर्सी मोह, जसपा नेपाल अलमलमा

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रदेशसभामा जनमत पार्टीबाट अर्थमन्त्री बनेका महेशप्रसाद यादव र खेलकुद तथा समाज कल्याण मन्त्री बसन्त कुमार कुशवाहाले राजीनामा दिने भनिए पनि कुर्सी मोहका कारण एकजना हाउसमै आएनन् भने अर्का एकजना मन्त्री विपक्षी दलको कुर्सीमा बसेको पाइयो ।

जबकी हाउसमा दुबैजना मन्त्रीका लागि सत्ता पक्ष र प्रतिपक्ष गरी दुबै तर्फको बेन्चमा कुर्सी व्यवस्था गरिएको थियो ।

तर अर्थमन्त्री यादवले हाउसमै राजीनामा दिने भनिए पनि उनी आएनन् भने अर्का खेलकुदमन्त्री कुशवाहा हाउसमा आएर पनि जनमतका सांसदहरु बसेको ठाउँमै बसे । तर राजीनामा भने दिएनन् ।

त्यस्तै हालै उपेन्द्र यादव नेतृत्वको जसपा नेपाल र महन्थ ठाकुर नेतृत्वको लोसपा नेपालको एकीकरण पछि बनेको जसपा नेपाल मधेश प्रदेशसभामा पनि एकता भइसकेको छ । तर लोसपाबाट जितेन्द्र सोनलले शुक्रबार बसेको हाउसको बैठकमा आफू पनि संसदीय दलको नेता रहेको दाबी गर्दै सभामुखसंग कुर्सीको व्यवस्था गर्न माग गरे ।

जसपा नेपालमा खटपट उत्पन्न भएपछि सभामुख राम अशिष यादवलाई मिलाउन निकै कठिनाइको सामना गर्नु परेको थियो । जसले गर्दा जसपा नेपालभित्र पनि एक पक्षले मुख्यमन्त्री यादवलाई विश्वासको मतमा समर्थन नगर्ने भन्दै अड्डी कसेका थिए ।

## साउदीमा नेपालीलाई रोजगारी संकट

**टुडे समाचारदाता**

जनकपुरधाम । साउदी अरबको महत्वाकांक्षी 'नियोम' गिगा-सिटी परियोजना सुस्ताएपछि त्यहाँ कार्यरत हजारौं नेपाली श्रमिक रोजगारी गुमाएर स्वदेश फर्किन बाध्य भएका छन् । तावुक क्षेत्रमा निर्माणाधीन ट्रजेना स्की भिलेज र 'द लाइन' लगायतका परियोजनाका ठेक्का रद्द तथा स्थगित भएपछि नेपाली श्रमिकको भविष्य अन्योलमा परेको छ ।

वैदेशिक रोजगारीमा रहेका महोत्तरीका रिजवान अन्सारी १६ महिनादेखि ट्रजेना स्की भिलेजमा स्काफोल्डिङको काम गर्दै आएका थिए । करार अवधि सकिन अझैं आठ महिना बाँकी रहँदै नै उनी गत अप्रिलमा नेपाल फर्किनु परेको थियो । उनका अनुसार उक्त परियोजनामा मात्रै करिब तीन हजार नेपाली कार्यरत थिए । जसमध्ये अधिकांशलाई कम्पनीले फर्काइ सकेको उनको भनाइ छ । केहीलाई अन्य परियोजनामा सारिएको छ भने केहीलाई साइट बन्द गर्ने काममा राखिएको छ ।

नियोम परियोजना सन् २०१७ मा साउदी युवराज मोहम्मद बिन सलमानले 'भिजन-२०३० ' अन्तर्गत घोषणा गरेका थिए । तेलमा निर्भर अर्थतन्त्रलाई पर्यटन, प्रविधि र हरित ऊर्जातर्फ रूपान्तरण गर्ने लक्ष्यसहित सुरु गरिएको परियोजनामा 'द लाइन', ट्रजेना, अक्सगन र सिन्धला मुख्य योजना थिए । तर पछिल्लो समय लागत वृद्धि, तेलको मूल्यमा गिरावट र मध्यपूर्वको भूराजनीतिक तनावका कारण परियोजना संकटमा परेको छ ।

विदेशी सञ्चारमाध्यमले जनाए अनुसार 'द लाइन' परियोजनाको लागत ८.८ ट्रिलियन अमेरिकी डलरसम्म पुग्न सक्ने अनुमान गरिएको छ । सार्वजनिक लगानी कोषमाथि दबाब बढेपछि साउदी सरकारले परियोजनाको दायरा घटाउन थालेको छ । 'द लाइन' को निर्माण औपचारिक रूपमा स्थगित गरिएको र ट्रजेनामा हुने २०२९ को एसियाली शीतकालीन खेलकुद पनि अनिश्चितकालका लागि रोकिएको जनाइएको छ ।

परियोजना सुस्ताएपछि ठूलो संख्यामा विदेशी श्रमिक प्रभावित भएका छन् । नेपाली अधिकारी र श्रमिकहरूको अनुमानअनुसार नियोम क्षेत्रमा प्रत्यक्ष वा सप्लाई कम्पनीमार्फत करिब ८० हजार नेपाली कार्यरत थिए । अहिले हजारौं नेपाली फर्किन थालेका छन् । ट्रजेना परियोजनामा मात्रै कार्यरत नेपाली श्रमिकले मासिक करिब १८ करोड रुपैयाँ बराबरको आम्दानी गुमाएको बताइएको छ ।

चितवनका सुशील विकका अनुसार श्रमिक बस्ने क्याम्पहरू खाली हुँदैछन् । दैनिक सयौं श्रमिक घर फर्किरहेका छन् । केही श्रमिकलाई साइट क्लियर गर्ने र उपकरण हटाउने कामका लागि अस्थायी रूपमा राखिएको छ । 'काम सकिएपछि हामी पनि फर्किने हो,' उनले भने ।

'द लाइन' परियोजनामा कार्यरत बुटवलका उमेश तिवारीका अनुसार हजारौं श्रमिकले एकैपटक रोजगारी गुमाएका छन् । उनका अनुसार १०-१० हजार क्षमता भएका तीनवटा क्याम्प खाली भइसकेका छन् । कतिपयलाई साउदीकै अन्य परियोजनामा सारिएको भए पनि धेरैलाई स्वदेश पठाइएको छ ।

नेपाली श्रमिकहरूले नियोम परियोजनामा तलब र सुविधा राम्रो रहेको बताएका छन् । नवलपरासीका गणेश कार्कीका अनुसार क्याम्प व्यवस्थापन अन्य परियोजनाभन्दा निकै राम्रो थियो । नियमित तलब, निःशुल्क खाना, सरसफाइ र आवास सुविधाका कारण श्रमिकहरू सन्तुष्ट थिए । तर परियोजना बन्द हुन थालेपछि उनीहरू भविष्यप्रति चिन्तित बनेका छन् ।

पूर्वराजदूत उदयराज पाण्डेले नियोमजस्ता मेगा परियोजना सुस्ताउँदा नेपालमा रेमिट्यान्स, पुनःरोजगारी र श्रम बजारमा गम्भीर असर पर्ने बताएका छन् । वैदेशिक रोजगार बोर्डका पूर्व कार्यकारी निर्देशक राजन श्रेष्ठका अनुसार खाडी क्षेत्रमा निर्माण परियोजना सुस्ताउँदा नेपाली श्रमिकका अवसर थप खुम्चिने खतरा बढेको छ ।






# एचआइभी/एड्स सङ्क्रमितको संख्या उच्च

**टुडे समाचारदाता**

रौतहट । रौतहटमा एचआइभी/एड्स सङ्क्रमितको संख्या उच्च रहेको देखिएको छ । जिल्ला स्वास्थ्य कार्यालय रौतहटको तथ्यांक अनुसार हाल जिल्लामा चार सय २५ जनामा एचआइभी सङ्क्रमण पुष्टि भएको छ ।

उक्त संख्याका सङ्क्रमितले नियमित रूपमा एन्टिरेट्रोभाइरल थेरापी (एआरटी) सेवा लिइरहेका जिल्ला स्वास्थ्य कार्यालय रौतहटका बाहुल्य रहेको उक्त पालिकामा ६३ जना सङ्क्रमित छन् ।

तथ्यांक अनुसार चन्द्रपुर नगरपालिकामा ३७, गौर र इशनाथ नगरपालिकामा ३५/३५, राजदेवी नगरपालिकामा २५ तथा गुजरा, कटहरिया, देवाही गोनाही, बौधीमाई र दुर्गा भगवती नगरपालिकामा २०र२० जना सङ्क्रमित रहेका छन् । जिल्लाका सबै पालिकामा एचआइभी सङ्क्रमित भेटिएका छन् । प्रादेशिक अस्पताल गौरका डाक्टर शशी गुप्ताले एचआइभी




प्रमुख राजेश सिंहले जानकारी दिएका छन् । उनका अनुसार पछिल्लो समय वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिभन्दा जिल्लामै कार्यरत चालक, प्रहरी तथा मजदुरमा सङ्क्रमण बढी देखिएको छ ।

जिल्ला स्वास्थ्य कार्यालयका एआरटी अधिकारी राजकुमार साहका अनुसार जिल्लाका १८ स्थानीय तहमध्ये सबैभन्दा बढी सङ्क्रमित राजपुर नगरपालिकामा भेटिएका छन् । मुस्लिम समुदायको संक्रमण असुरक्षित यौन सम्पर्क, सङ्क्रमित रगतको प्रयोग, सङ्क्रमित सुई तथा सिरिन्जको प्रयोग र सङ्क्रमित आमाबाट शिशुमा सर्न सक्ने बताएका छन् ।

उनका अनुसार नियमित परीक्षण, समयमै उपचार, सुरक्षित यौन व्यवहार तथा कण्डमको प्रयोगबाट सङ्क्रमण नियन्त्रण गर्न सकिन्छ । संक्रमित व्यक्तिले नियमित रूपमा एआरटी सेवा लिए सामान्य जीवनयापन गर्न सक्ने उनले बताए ।

# उत्कृष्ट विद्यार्थी सम्मानित



**टुडे समाचारदाता**

जनकपुरधाम।जनकपुरधामस्थित मिथिला इन्स्टिच्यूट अफ टेक्नोलोजी (मिट) स्कूलले माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८२ मा उत्कृष्ट जीपीए ल्याउने विद्यार्थीलाई विद्यालयले एक समारोहबीच सम्मान गरेको छ । धनुषा जिल्लामै सबभन्दा उत्कृष्ट नतिजा मिट स्कूलकै विद्यार्थीहरुले ल्याएको दाबी गरिएको छ ।

विद्यालयका अनुसार यस वर्ष एसईईमा १२३ जना विद्यार्थी सहभागी भएका थिए । तीमध्ये चार जना विद्यार्थीले ४.० जीपीए प्राप्त गरेका छन् । ४.० जीपीए हासिल गर्ने विद्यार्थीहरू अंकिता साह, सबिना शर्मा, संजना कुमारी भण्डारी र सृष्टि मण्डललाई विद्यालयले फूलमाला तथा दोसल्ला ओढाएर सम्मान गरेको हो ।

त्यसैगरी, ५७ जना विद्यार्थीले ए प्लस, ३९ जनाले ए र २३ जनाले बी प्लस ग्रेड प्राप्त गरेका छन् । सम्मानित भएका विद्यार्थी संजना कुमारी भण्डारीले विद्यालयको अनुशासन, प्रभावकारी शिक्षा प्रणाली तथा दक्ष शिक्षककै कारण आफू ४.० जीपीए ल्याउन सफल भएको बताइन् ।

विद्यालयका प्रिन्सिपल तथा सञ्चालक मनोज साहले समयअनुसार विद्यालयको पठनपाठन प्रणालीमा निरन्तर सुधार गर्दै शिक्षालाई प्राथमिकतामा राखिएको बताए । उनले स्थापना कालदेखि नै विद्यालय तथा क्याम्पसले शिक्षा क्षेत्रमा छुट्टै पहिचान बनाउँदै आएको उल्लेख गरे ।

राष्ट्रिय परीक्षा बोर्डले सोमबार सार्वजनिक गरेको २०८२ सालको माध्यमिक शिक्षा परीक्षा (एसईई) नतिजामा मधेश प्रदेशबाट परीक्षामा सहभागी ७६ हजार ३१७ विद्यार्थी मध्ये ४४ हजार ५९२ विद्यार्थी मात्र ग्रेडेड भएका छन् भने ३१ हजार ७२५ विद्यार्थी नन-ग्रेडेड भएका हुन् । यस वर्ष देशभर ६५.९८ प्रतिशत विद्यार्थी ग्रेडेड भएका छन्, जुन गत वर्षको तुलनामा ४.१७ प्रतिशतले बढी हो ।

# ‘सुशासनका लागि सामूहिक प्रयासको आवश्यकता’

सिरहा । ‘भ्रष्टाचार नियन्त्रणः हाम्रो साझा दायित्व’ भन्ने मूल नाराका साथ सिरहामा सम्पन्न एक कार्यक्रमका सहभागीहरूले सुशासन स्थापनाका लागि सामूहिक प्रयास र जवाफदेहिता आवश्यक रहेको औँल्याएका छन् ।

राष्ट्रिय सतर्कता केन्द्रको आयोजना एवं जिल्ला समन्वय समिति र जिल्ला प्रशासन कार्यालयको सहआयोजनामा सम्पन्न ‘सदाचार शिक्षा एवं सचेतनामूलक कार्यक्रम’मा वक्ताहरूले कर्मचारी संयन्त्रमा सुधार र जनप्रतिनिधिबीचको प्रभावकारी समन्वय नै सुशासनको मुख्य कडी भएको बताएका हुन् ।

जिल्ला समन्वय समितिका सभापति दिनेशकुमार महतोले सुशासनको जग सामूहिक उत्तरदायित्वमा अडिएको बताउनुभयो । उहाँले कार्यालयहरूमा कर्मचारीको उपस्थितिको स्थिति कमजोर रहेकोप्रति चिन्ता व्यक्त गर्दै भन्नुभयो, “हामी सुशासनको कुरा त गर्छौं, तर अझै पनि २६ प्रतिशत कर्मचारी अनुपस्थित हुनु दुःखद् हो । सुशासनका लागि सबै सरोकारवाला निकायबीचको सामूहिक सक्रियता र कार्यालय प्रमुखहरूको कार्यशैलीमा सुधार




आउनु अपरिहार्य छ ।” उहाँले सबै पक्ष जिम्मेवार बनेमात्रै सुशासनको अनुभूति जनताले गर्न पाउने उल्लेख गर्नुभयो ।

लहान नगरपालिकाका प्रमुख महेशप्रसाद चौधरीले प्रशासनिक नेतृत्वको अस्थिरता र अनुपस्थितिले सेवा प्रवाहमा गम्भीर असर परेको उल्लेख गर्नुभयो । “प्रमुख प्रशासकीय अधिकृत समयमा उपलब्ध नहुँदा फाइलहरू अड्किने गरेका छन्”, उहाँले भन्नुभयो, “यदि कानुनले मिल्दैन भने हाकिमले स्पष्ट टिप्पणी लेखिदिनुपर्छ, तर काम रोकेर सुशासनमा बाधा पुर्याउनु हुँदैन ।”

धनगढीमाई नगरपालिकाका प्रमुख शिवशङ्कर महतोले स्थानीय तहमा करारका कर्मचारीको व्यवस्थापन ठूलो टाउको दुखाई बनेको बताउनुभयो । उहाँले भन्नुभयो, “नगरपालिकामा ८५ जना करारका कर्मचारी छन्, जसले आर्थिक बोझमात्र बढाएको छैन, उनीहरूमा नैतिक जिम्मेवारीको पनि अभाव देखिएको छ । छ-छ महिनामा हाकिम परिवर्तन हुने परिपाटीले काम गर्न झनै कठिन बनाएको छ ।”

त्यस्तै, गोलबजार नगरपालिकाका प्रमुख श्यामकुमार श्रेष्ठले दरबन्दीअनुसारका स्थायी कर्मचारी नहुँदा बाध्य भएर करारमा कर्मचारी र शिक्षक राख्नुपरेको यथार्थ सुनाउनुभयो ।

लक्ष्मीपुर पतारी गाउँपालिकाका अध्यक्ष चतुरानन्द ठाकुरले सबै कार्यालयका प्रमुखले आफ्नो कार्यशैलीमा सुधार ल्याएमात्रै जनताले सुशासनको अनुभूति गर्न पाउने धारणा राख्नुभयो । कर्जना नगरपालिकाकी उपप्रमुख लक्ष्मीकुमारी श्रेष्ठले प्रभावकारी अनुगमनको महत्वमा जोड दिँदै भन्नुभयो, “एक दिनको कडा अनुगमनले पनि धेरै सुधार ल्याउन सक्छ, अब पालिकास्तरमै सुशासन अभियान चलाउन आवश्यक छ ।”

प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले विभिन्न निकायबीच समन्वयको अभाव खड्किएको बताउनुभयो । विद्युत् र पूर्वाधार कार्यालयजस्ता निकायले आपसी समन्वय गरे धेरै समस्या हल हुने उहाँको तर्क थियो । प्रशासनको जनशक्ति अभावबारे बोल्दै उहाँले भन्नुभयो, “जिल्ला प्रशासनमै तीन जना अधिकृत हुनुपर्नेमा एक जनाले मात्र काम धान्नुपरेको छ, तैपनि हामी नीति र कानुनअनुसार चल्न प्रतिबद्ध छौँ ।”

राष्ट्रिय सतर्कता केन्द्रका प्रवक्ता एवं सहसचिव नारायणप्रसाद भट्टले केन्द्रले ‘ओभरसाइट एजेन्सी’का रूपमा काम गरिरहेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “हामीले सिरहाका ३० वटा कार्यालयको अनुगमन गरेका छौँ, यहाँ उठेका विषयलाई टिपोट गरी सम्बन्धित निकायमा निर्देशन दिनेछौँ । सुशासनका लागि सरकारका सबै निकाय उत्तिकै जिम्मेवार हुनुपर्छ ।”

कार्यक्रममा सहभागी अन्य प्रतिनिधिहरूले पनि भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता अपनाउने र सुशासनका लागि साझा प्रयास गर्ने सामूहिक प्रतिबद्धता जनाएका थिए । रासस

# दुई दिन बिदा दिने निर्णयपछि पठनपाठन सञ्चालनका लागि नयाँ व्यवस्था

काठमाण्डु । शनिबार र आइतबार सार्वजनिक बिदा दिने सरकारको निर्णय लागू भएपछि पाठ्यक्रम विकास केन्द्रले विद्यालय तहमा पठनपाठन सञ्चालन र कार्यघण्टा मिलानका लागि नयाँ व्यवस्थापन गरेको छ ।

इन्धनको सहजताका लागि नेपाल सरकार, मन्त्रिपरिषद्को गत चैत २२ गतेको निर्णयअनुसार सरकारी कार्यालय तथा सम्पूर्ण शैक्षिक संस्थामा सातामा दुई दिन शनिबार र आइतबार बिदा दिने निर्णयपछि केन्द्रले नयाँ व्यवस्थापन गरेको हो ।

नयाँ व्यवस्थापनअनुसार विद्यालय सञ्चालन हुने पाँच दिन तथा पठनपाठन हुने अवधिसमेत समायोजन गर्न पाठ्यक्रम विकास केन्द्र, स्थानीय तह, शिक्षक, विद्यालय र सरोकार भएका पक्षलाई सास्ती भएको छ ।

समायोजनको उक्त आवश्यकतालाई ध्यान दिएर शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलको अध्यक्षतामा भएको राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को यही वैशाख ११ गतेको बैठकबाट गठित कार्यदलको सुझावका आधारमा पाठ्यक्रम स्वीकृत गरिएको छ । उक्त स्वीकृत पाठ्यक्रमले तोकेअनुसार कार्यघण्टा मिलान गरिएको केन्द्रका महानिर्देशक युवराज पौडेलले जानकारी दिनुभयो ।

सरकारबाट निर्धारित सार्वजनिक बिदा, शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९ अनुसार दिइएका बिदाबाहेकको व्यवस्था, प्रदेश र स्थानीय तहअन्तर्गत दिइने बिदासमेत हुँदा वार्षिक कार्यघण्टा पूरा गर्न विद्यालयलाई चुनौती हुँदै आएको छ ।

शिक्षा नियमावली, २०५९ को नियम ८५ (क) को उपनियम ७ मा विद्यालयको एक शैक्षिकसत्रमा कम्तीमा २२० दिन पठापाठन हुनेगरी व्यवस्था रहेको छ भने सोही नियमावलीको नियम ८५ (क) को उपनियम ९ मा बडादसैंको घटस्थापनादेखि पूर्णिमासम्म विद्यालय बन्द रहने व्यवस्था गरिएको छ ।

नियम ५८ उपनियम ३ मा एक शैक्षिकसत्रमा दिइने बिदा वा बन्द बिदा बढीमा ४५ दिन रहने व्यवस्था छ । पाठ्यक्रममा तोकिएको विषयवस्तु, त्यसका लागि छुट्याइएको पाठ्यभार तथा विद्यालयले सञ्चालन गर्ने अतिरिक्त क्रियाकलापलाई समेत समन्वयिक व्यवस्थापन गर्दै अघि बढ्ने गरी केन्द्रले निर्देश गरेको छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले प्रारम्भिक बालविकास तथा शिक्षाका लागि एक शैक्षिकसत्रमा वार्षिक रूपमा ७६५ घण्टा दैनिक




सिकाइ क्रियाकलाप र विषयगत सिकाइ क्रियाकलाप सञ्चालन हुने भनेको छ । वार्षिक २६५ घण्टा मनोरञ्जन, बाह्य खेल, आराम तथा खाना खाने समय हुने र उक्त समयमा बालबालिकाले प्रारम्भिक बालविकास केन्द्रमा बिताउने पूरा अवधिलाई मानिएको छ ।

विद्यालय शिक्षाका सबै कक्षाका लागि एक शैक्षिक वर्षमा कम्तीमा २०५ दिन पठनपाठन सञ्चालन हुने, कक्षा १ देखि ३ सम्म जम्मा २६ पाठ्यघण्टा अर्थात् वार्षिक ८३२ कार्यघण्टाको पठनपाठन गर्नुपर्ने भएकाले त्यसको व्यवस्थापन गरिएको महानिर्देशक पौडेलले बताउनुभयो । उहाँका अनुसार कक्षा ४ देखि ७ सम्म जम्मा ३२ पाठ्यघण्टा अर्थात् वार्षिक एक हजार २४ कार्यघण्टा र कक्षा ९, १०, ११ र १२ मा कम्तीमा ३७ पाठ्यघण्टा अर्थात् एक हजार १८४ कार्यघण्टादेखि बढीमा ४२ पाठ्यघण्टा अर्थात् एक हजार ३४४ कार्यघण्टा पठनपाठन गर्नुपर्ने हुन्छ ।

पठनपाठन सञ्चालनका लागि खर्च भएको ३२ घण्टाको समयावधिलाई एक पाठ्यघण्टा मानिने केन्द्रका महानिर्देशक पौडेलले जानकारी दिनुभयो । तोकिएको पाठ्यघण्टा नघट्नेगरी विद्यालयको समयावधि निर्धारण गरी कक्षा सञ्चालन गर्दा सामान्यतः पाठ्यघण्टा गणना एक घण्टाको एकाइमा गरिने केन्द्रले जनाएको छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारूपअनुसार २०५ दिन विद्यालय सञ्चालन गर्दा न्यून हुन आउने पठनपाठन दिन सङ्ख्या २१ र शिक्षा नियमावलीको नियम ८५ अनुसार २२० दिन विद्यालय खुल्ने व्यवस्थाअनुसार न्यून हुने दिन सङ्ख्या ३६ हुन आउँछ । अपुग भएर बाँकी हुन आउने २१८ दिनको समयमध्ये दैनिक १५ मिनेट प्रार्थना र २० मिनेट खाजा समय छुट्याउँदा छ घण्टाको विद्यालय समयबाट पठनपाठनका लागि दैनिक रूपमा प्राप्त हुने समयावधि पाँच घण्टा २५ मिनेटका आधारमा वार्षिक पठनपाठनका लागि उपलब्ध समय ७५८ घण्टा हुनेछ ।

यसरी अपुग हुने पाठ्यघण्टालाई विद्यालय समयभन्दा अतिरिक्त समयमा गरिने परियोजना तथा प्रयोगात्मक कार्यलगायत सिकाइसम्बद्ध क्रियाकलापलाई विषयगत तथा बहुविषयगत सिकाइ उपलब्धिसँग आबद्ध गर्ने र यसरी सिकाइका लागि उपयोग हुने समयलाई वार्षिक कार्यघण्टामा समावेश गर्न केन्द्रले निर्देश गरेको केन्द्रका महानिर्देशक पौडेलले बताउनुभयो ।

नेपाल शिक्षक महासङ्घका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले विद्यालयमा सातामा दुई दिन बिदा दिने सरकारको निर्णयलाई आफूहरूले समर्थन गर्दै कार्यान्वयनका लागि जोड दिएको बताउनुभयो । उहाँले शिक्षक-कर्मचारीको पेसागत हितका विषयमा निर्णय लिँदा भने आफूहरूसँग परामर्श गर्नुपर्ने माग गर्नुभयो ।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन)का महासचिव आरबी कटवालले आइतबार पनि विद्यालय बिदा दिने निर्णयलाई आफूहरूले कटिबद्धताका साथ लागू गरेको जनाउँदै पाठ्यक्रमले तोकेको कार्यघण्टा मिलानका लागि कतिपय सार्वजनिक बिदामा पनि पढाउने र वार्षिक परीक्षापछिको अवधिको समयलाई उपयोग गर्न सकिने सुझाव दिनुभयो । सरकारको उक्त निर्णयको अवज्ञा गरेर आइतबार पनि कक्षा सञ्चालन गर्ने विद्यालयको जिम्मेवारी आफूहरूले नलिने महासचिव कटवालले उल्लेख गर्नुभयो । रासस

# अनुदानमा उपलब्ध गराएको मलको कालोबजारी गर्नेलाई कारबाही गरिने

काठमाण्डु । कृषि, वन तथा पर्यावरण मन्त्रालयले मल आयातकर्ता तथा डिलरहरूले रासायनिक मल नियन्त्रण आदेशमा उल्लेखित रासायनिक मलको ‘स्पेसिफिकेसन’ अनुसार मलको कारोबार गर्न निर्देशन दिएको छ । मन्त्रालयले मल, तत्वीय संरचना, न्यूनतम अधिकतम पोषक तत्वको मात्रा, भौतिक तथा रासायनिक गुणस्तर भएको मलमात्र पैठारी एवं बिक्रीवितरण गर्न पाइने व्यवस्था छ । मन्त्रालयले कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसन



आदेशको प्रावधानविपरीत गलत विवरण तथा लेवल राखी रासायनिक मलको पैठारी तथा मिश्रण बिक्री वितरण नगर्न आग्रह गरेको हो । सरकारले अनुदानमा उपलब्ध गराएको मलको कालोबजारी गर्ने व्यापारीलाई प्रचलित कानुनबमोजिम कारबाही गर्ने मन्त्रालयका कृषि अर्थ विज्ञ महानन्द जोशीले जानकारी दिनुभयो ।

उहाँका अनुसार रासायनिक लिमिटेडको बिक्री कार्यालय तथा डिपो वा मल आयातकर्ता वा डिलरका रूपमा दर्ता भएका विश्वासिलो स्रोतबाट मल खरिद गर्न किसानलाई अनुरोध गरेको छ । बजारमा पाइने रासायनिक मलको मूल्य, स्रोत एवं गुणस्तरको बारेमा मल विक्रेतासँग आवश्यक सोधखोज तथा गुणस्तर एकिन गरी खरिद गर्न मन्त्रालयले आह्वान गरेको छ । रासस


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | आज आत्मविश्वास र उर्जा उच्च रहनेछ। |
| वृष : | आज खर्चको मात्रा बढ्न सक्छ । |
| मिथुन : | आर्थिक रुपमा आजको दिन निकै बलियो छ । |
| कर्कट : | कार्यक्षेत्रमा तपाईको कामको उचित मूल्याङ्कन हुनेछ । |
| सिंह : | भाग्यले साथ दिने समय छ । धार्मिक र आध्यात्मिक कार्यमा रुचि बढ्नेछ । |
| कन्या : | आजको दिन केही सावधानजी अपनाउनु पर्ने देखिन्छ । |
| तुला : | दाम्पत्य जीवन र प्रेम सम्बन्धका लागि आजको दिन निकै सुखद रहनेछ । |
| वृश्चिक : | प्रतिस्पर्धामा विजय प्राप्त हुनेछ । |
| धनु : | विद्यार्थीहरुको लागि आजको दिन उत्कृष्ट छ । |
| मकर : | पारिवारिक विषयलाई लिएर मनमा केही चिन्ता बढ्न सक्छ । |
| कुम्भः | तपाईको साहस र पराक्रमले कठिन कामहरु पनि सजिलै सम्पन्न हुनेछन् । |
| मीनः | आर्थिक लाभ हुने र धन सञ्चय गर्ने अवसर मिल्नेछ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे

दिउँसो :- ११:४५ बजे

बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे

दिउँसो :- १३:४५ बजे

बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# प्रहरी महानिरीक्षक दान बहादुर कार्कीको शब्द रचना रहेको गीत सार्वजनिक

काठमाण्डु । प्रहरी महानिरीक्षक दानबहादुर कार्कीको शब्द रचना रहेको गीत 'अब बन्छ मेरो देश' आज सार्वजनिक भएको छ। गीतमा सामाजिक रूपान्तरण, अन्याय अत्याचारको अन्त्यसँगै आमनागरिकमा न्यायको लागि कविता नेपाली, चाहना राना मगर र किरण थापालगायतका कलाकारहरूले अभिनय गर्नुभएको छ।

किरण थापाको कोरियोग्राफी र निर्देशन रहेको उक्त गीतको भिडियोमा पवन सोस्लिङको




पलाएको आशा र भरोसा, आपसी सहिष्णुता, भातृत्वभाव र एकतामार्फत सम्बृद्धि प्राप्त हुने भाव प्रस्तुत गरिएको छ।

गीतमा दीपक शर्माको संगीत र उदय राज पौडेलको एरेन्ज रहेको छ। गायक समिर खरेल, सदिच्छा कट्टेल, सबिन सुबेदी र बेनिसा पौडेलको स्वर रहेको उक्त गीतको भिडियोमा आर्यन सिग्देल, सबिन कार्की, छायांकन तथा सरोज ओलीको भिडियो परिकल्पना रहेको छ।

प्रहरी महानिरीक्षक दानबहादुर कार्कीको शब्द रचनामा यसअघि सार्वजनिक भएका 'आमा म त खरानीबाट उठेर आए', 'फूलको बास्ना सरी'लगायत दशैं, तिहार, बाल र कमर्सियल गीतहरू समेत सर्वसाधारणले निकै रूचाएका थिए। रासस

# स्वास्थ्य प्रवर्द्धन केन्द्रमा सेवाग्राहीको घुइँचो

काठमाण्डु । काठमाण्डु महानगरपालिकाद्वारा सञ्चालित स्वास्थ्य प्रवर्द्धन केन्द्रबाट हालसम्ममा एक लाख ७६ हजार २९१ जनाले स्वास्थ्य सेवा लिएका छन् । कामपाको चालु आर्थिक वर्षको चैत मसान्तसम्ममा एक लाख ७६ हजार २९१ जनाले स्वास्थ्य सेवा लिएका कामपाले जनाएको छ।



कामपा स्वास्थ्य विभागका प्रमुख दीपककुमार केसीका अनुसार ७३ हजार ५०४ जनाले बहिरङ्ग (ओपिडी) सेवा लिएका छन् । यो सङ्ख्या गत आर्थिक वर्षको तुलनामा बढी भएको उहाँले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "आव २०८०/८१ मा एक लाख २४ हजार ४४ जना सेवाग्राहीमध्ये ३५ हजार ९६६ जनाले ओपिडी सेवा लिनुभएको थियो । आव २०८१/८२ मा एक लाख ९४ हजार १९३ जना कुल सेवाग्राहीमध्ये ओपिडी सेवा लिनेको सङ्ख्या ५९ हजार ५९ थियो ।" उहाँका अनुसार यस वर्ष करिब दुई लाख ४० हजार सेवाग्राहीले सेवा लिने आकलन गरिएको छ।

केसीले भन्नुभयो, "कामपाको कुल बजेटको तीन दशमलव नौ प्रतिशत स्वास्थ्य क्षेत्रका लागि विनियोजित छ।" उहाँका अनुसार सुशासन र व्यवस्थापन क्षेत्रअन्तर्गत छ वटा उपक्षेत्र, ७५ वटा सूचक र ७६ मूल्याङ्कन अङ्कभार छ।

क्लिनिकल सेवा व्यवस्थापन क्षेत्रअन्तर्गत नौ वटा उपक्षेत्र, १७५ वटा सूचक र २०८ अङ्कभार तथा स्वास्थ्य संस्था सहयोगी सेवा व्यवस्थापन क्षेत्रअन्तर्गत नौ वटा उपक्षेत्र, ८६ वटा सूचकको ९५ अङ्कभारमा मूल्याङ्कन गरिएको उहाँले जानकारी दिनुभयो । कामपाले हरेक वडामा स्वास्थ्य प्रवर्द्धन केन्द्र सञ्चालन गरेको छ।

उपचारात्मक सेवामा प्राथमिक स्वास्थ्योपचार, स्वास्थ्य बिमा, सुरक्षित मातृशिशु, सुरक्षित गर्भपतन, क्षयरोग नियन्त्रण, स्वास्थ्य शिविर, फार्मेसी, एकीकृत नवजात शिशु तथा बाल रोग व्यवस्थापन सेवा सञ्चालित छन् । त्यस्तै कुष्ठरोग नियन्त्रण सेवा, ज्येष्ठ नागरिक स्वास्थ्य सेवा, आयुर्वेद सेवा, बहुदीर्घकालीन रोग व्यवस्थापन सेवा, डेङ्गी रोग नियन्त्रणका कार्यक्रम सञ्चालनमा रहेकास्वास्थ्य विभागका प्रमुख केसीले जानकारी दिनुभयो ।

उहाँका अनुसार प्रवर्द्धनात्मक सेवामा राष्ट्रिय खोप सेवा, परिवार नियोजन, नसर्ने रोग नियन्त्रण, सचेतना महाअभियान, सरुवा रोग नियन्त्रणलगायत कार्यक्रम रहेका छन् । रासस

# प्रारम्भिक प्रतिवेदनपछि १४ अर्ब ६३ करोडबराबरको बेरुजु असुल



काठमाण्डु । लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन सम्बन्धित निकायलाई उपलब्ध गराइएपछि रु १४ अर्ब ६३ करोड २६ लाख ९९ हजारबराबर असुल भएको पाइएको छ।

महालेखापरीक्षकको कार्यालयले राष्ट्रपति रामचन्द्र पौडेललाई आज बुझाएको ६३औँ वार्षिक प्रतिवेदनअनुसार प्रारम्भिक प्रतिवेदन पठाइएपछि तथा विगतको बेरुजु संपरीक्षण गर्दा उक्त परिमाणको रकम असुल भएको हो।

सोमध्ये लेखापरीक्षणको क्रममा रु ५७ करोड ६९ लाख, प्रारम्भिक प्रतिवेदन पठाएपछि रु ९० करोड ४८ लाख संपरीक्षणका क्रममा रु १३ अर्ब १५ करोड १० लाख असुल भएको छ।

आर्थिक वर्ष २०८१/८२ मा ७२१ स्थानीय तहको रु ११ खर्ब नौ अर्ब ५२ करोड ३८ लाखको लेखापरीक्षणबाट रु १९ अर्ब चार करोड ७४ लाख बेरुजु रहेको छ। प्रतिवेदनअनुसार सबैभन्दा धेरै बेरुजु भएको प्रदेशमा मधेस रहेको छ । सो प्रदेशको बेरुजु प्रतिशत तीन दशमलव ७७ रहेको छ। कुल १५० कार्यालयको रु ४९ अर्ब ६९ करोडबराबरको लेखापरीक्षण गर्दा रु एक अर्ब ८७ करोडबराबरको बेरुजु देखिएको छ।

त्यसैगरी, सबैभन्दा कम बेरुजु बागमती प्रदेश सरकारको छ । सो प्रदेशको बेरुजु शून्य दशमलव ८३ प्रतिशतमात्रै छ । बागमती प्रदेशको २०९ कार्यालयको रु ८३ अर्ब १५ करोडबराबरको लेखापरीक्षण गरिएको थियो । त्यसमध्ये रु ६९ करोड ३७ लाखमात्रै बेरुजु फेलापरेको छ। रासस

# पर्यापर्यटनको नयाँ गन्तव्य बन्दै 'वेतना सिमसार'

बेलबारी । प्राकृतिक सौन्दर्यले भरिपूर्ण मानिएको वेतना सिमसार पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा परेको छ । पर्यापर्यटनसहितको पर्यटकीय गन्तव्यका रूपमा विकास हुँदै गएको वेतना सिमसारमा स्वदेशी तथा विदेशी विश्वविद्यालयबाट विद्यार्थीहरू अनुसन्धानका लागि आउने क्रम बढेको हो।




पहिला वनभोज खान र घुमघामका लागि मात्र आन्तरिक पर्यटक आउने गरेकामा पछिल्लो समय सिमसार क्षेत्रमा जीवजन्तुको अनुसन्धान गर्ने उद्देश्यले विद्यार्थीहरू आउने क्रम बढेको वेतना सिमसार सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष शम्भु भट्टराईले बताउनुभयो । अघिल्लो साता काठमाडौँको एक कलेजबाट यहाँको पानी अनुसन्धानका लागि विद्यार्थीको टोली आएको उहाँले जानकारी दिनुभयो।

प्रायः दैनिक दुई सयको हाराहारीमा आउने आन्तरिक पर्यटकले सिमसारमा प्रत्यक्ष रूपमा देख्न पाउने साइबेरियाबाट आउने पर्यटक चराका साथै कछुवा, माछा, अजिङ्गर, हरिणलगायत जीवजन्तुले लोभ्याउने गरेको अध्यक्ष भट्टराईले उल्लेख गर्नुभयो । "सुनसरीको इटहरी चोकबाट १६ किलोमिटर पूर्व गएपछि हरियो वनले ढपक्कै ढाक्छ।

त्यससँगै केही मिटरपर पूर्वपश्चिम राजमार्गअन्तर्गत मोरङको बेलबारीमा वेतना सिमसार रहेको छ", उहाँले भन्नुभयो।

दुई प्रजातिका वेत वनस्पतिको जङ्गल रहेकाले यस क्षेत्रलाई वेतना सिमसार क्षेत्र भनिएको सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष भट्टराईले बताउनुभयो। यहाँ विशेषगरी चिसो पानी, स्वच्छ हावा र मनोरम दृश्यसँगै चरा, माछा र कछुवाको अवलोकन गर्न पाइने भएकाले आन्तरिक पर्यटकको रोजाइमा पर्न थालेको उहाँको भनाइ छ।

राजमार्गसँगै जोडिएको हुनाले यहाँ आउन सहज हुने भएकाले पनि वनभोज खान आउने आन्तरिक पर्यटकको दैनिक घुइँचो हुने गरेको वन उपभोक्ता समितिका सहसचिव राजन प्रसाईंले बताउनुभयो । उहाँका अनुसार सिमसार घुम्न आउने पर्यटकका लागि पाइडल डुङ्गाको पनि व्यवस्था गरिएको छ।

पर्यटन, वन तथा वातावरण मन्त्रालय कोशी प्रदेशको सहयोगमा रु २० लाखको लागतमा पानीको फोहोरा निमार्ण सुरु गरिएको समितिका सहसचिव प्रसाईंले जानकारी दिनुभयो। उहाँका अनुसार करिब ६५ बिघा क्षेत्रफल ओगटेको यस सिमसारमा साइबेरियाबाट आउने चराका साथै २५ प्रजातिका दुर्लभ चरा पाइन्छन्।

तीन वर्षअघि अष्ट्रियाबाट आएका वैज्ञानिकहरूको टोलीले अतिसङ्कटापन्न सूचीमा रहेको 'ब्ल्याक सफ्टसेल' नामक कछुवा दुई दर्जनभन्दा बढीको सङ्ख्यामा फेला परेका समितिका अध्यक्ष शम्भु भट्टराईले जानकारी दिनुभयो । यहाँ पाइने वनस्पति, पशुपन्छीको संरक्षणमा उपभोक्ता समिति लागिरहेको उहाँको भनाइ छ।

समितिका अध्यक्ष भट्टराईका अनुसार विश्वमै दुर्लभ मानिने प्रजातिका कछुवा, विभिन्न जातका माछा, जीवजन्तु, वनस्पति यस क्षेत्रमा पाइन्छन्। बेलबारी नगरपालिकाका प्रमुख दिलप्रसाद राईका अनुसार वेतना सिमसारलाई पूर्वी नेपालको एउटा महत्त्वपूर्ण पर्यटकीय गन्तव्यका रूपमा विकास गरिने बताउनुभयो । यसका लागि तीनै तहका सरकारबीच सहकार्य र समन्वय आवश्यक पर्नेमा उहाँले जोड दिनुभयो। रासस

# भद्रपुर-जलथल-राजगढ सडक भत्किन थालेपछि दुर्घटनाको जोखिम बढ्दै

भद्रपुर । भद्रपुरस्थित झापाचोकबाट जलथल हुँदै राजगढ जोड्ने हुलाकी राजमार्गअन्तर्गतको सडक निर्माण सम्पन्न भएको एक वर्ष नपुग्दै विभिन्न स्थानमा भत्किन थालेपछि यात्रु तथा स्थानीयले सास्ती खेप्नुपरेको छ । सडकका ठाउँठाउँमा ठूला खाल्डाखुल्डी पर्नुका साथै पुल र कल्भर्ट निर्माण अधुरै रहेकाले दुर्घटनाको जोखिमसमेत बढेको स्थानीयवासीको गुनासो छ।



स्थानीय नेत्रविक्रम बिमलीका अनुसार विशेषगरी हल्दीबारी गाउँपालिकाको वडा नं ३, ४ र ५ क्षेत्रमा पर्ने भुतेनी खोला र भुसुडी खोलामा निर्माण अपूरो अवस्थामा रहेकाले सवारी आवागमनमा समस्या भइरहेको छ । "सडक भत्किएको छ, पुल र कल्भर्ट पनि पूर्ण रूपमा बनेका छैनन्", उहाँले भन्नुभयो, "दैनिक यात्रा गर्न जोखिमपूर्ण अवस्था छ।"

स्थानीयवासीका अनुसार सडकमा भएका खाल्डाखुल्डीका कारण साना तथा ठूला सवार ीसाधन दुर्घटनामा पर्ने क्रम बढ्दो छ । वर्षायाम सुरु हुन लागेकाले सडकको अवस्था अझ जोखिमपूर्ण बन्न सक्नेमा स्थानीयले चिन्ता व्यक्त गरेका छन्।

हल्दीबारी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मानबहादुर वनले सडकको दयनीय अवस्थाबारे गाउँपालिकाले पटकपटक सम्बन्धित निकायको ध्यानाकर्षण गराएपनि हालसम्म सुधारको काम अघि नबढेको बताउनुभयो। "सडकको अवस्थाले सर्वसाधारणलाई दैनिक सास्ती भइरहेको छ", उहाँले भन्नुभयो, "पालिकाले पटकपटक ताकेता गरे पनि सम्बन्धित आयोजनाबाट अपेक्षित प्रतिक्रिया आएको छैन।"

हल्दीबारी-४ का वडाध्यक्ष सन्तकुमार थापाले निर्माण सम्पन्न भएको छोटो समयमै सडक भत्किन थालेपछि निर्माणको गुणस्तरीयतामाथि प्रश्न उठेको बताउनुभयो । उहाँले सडकमा दैनिकजसो दुर्घटनाको जोखिम बढिरहेको उल्लेख गर्दै समयमा मर्मत तथा सुधार नगरे थप क्षति हुनसक्नेतर्फ सरोकार भएका निकायको ध्यानाकर्षण गराउनुभयो।


हल्दीबारीका स्थानीय प्रल्हाद सेलवालले वर्षायाममात्र नभई हिउँदमा समेत अधुरा पुल र कल्भर्टका कारण स्थानीयवासीले यात्रामा समस्या भोग्नुपरेको बताउनुभयो । "सडक निर्माण भएपछि सहज यात्रा हुने अपेक्षा गरेका थियौँ", उहाँले भन्नुभयो, "तर अहिले झन जोखिमपूर्ण अवस्थामा आवागमन गर्नुपर्ने बाध्यता छ।"

स्थानीयवासीले सडक निर्माणमा लापरवाही भएको आरोप लगाउँदै सम्बन्धित निकायबाट गुणस्तरीय निर्माण तथा प्रभावकारी अनुगमनको माग गरेका छन् । सडक निर्माणमा प्रयोग गरिएको सामग्रीको गुणस्तर र प्राविधिक निगरानीमाथि पनि प्रश्न उठ्न थालेको छ।

यसैबीच, हुलाकी राजमार्ग निर्देशनालयअन्तर्गत आयोजना कार्यालय इटहरीका इन्जिनियर उपेन्द्र दासले झापाचोकबाट राजगढपारिसम्मको १९ दशमलव ५० किलोमिटर सडकखण्ड निर्माण व्यवसायीले हालसम्म औपचारिक रूपमा हस्तान्तरण नगरेको जानकारी दिनुभयो।

उहाँका अनुसार उक्त सडक निर्माणको ठेक्का आशिष याक्थुङहाङ जेभीले लिएको हो । निर्माण कम्पनी अहिले 'त्रुटि सच्याउने अवधि'मा रहेकाले भत्किएका तथा बिग्रिएका संरचनाको मर्मत पनि सोही कम्पनीले गर्ने उहाँले बताउनुभयो। रासस

# कालीगण्डकी करिडोरः बिस्फोटक पदार्थको प्रयोग गरी सडक विस्तार शुरु




म्याग्दी। चीन र भारत जोड्ने कालीगण्डकी करिडोरअन्तर्गत म्याग्दीको अन्नपूर्ण गाउँपालिकाको महभिर र भिरकाटेमा बिस्फोटक पदार्थको सहायतामा पहाड काटेर सडक फराकिलो पार्न थालिएको छ।

बेनी जोमसोम कोरला सडक आयोजना कार्यालयले अन्नपूर्ण गाउँपालिका-६ भिरकाटे र वडा नं ७ मा पर्ने महभिरको पहाडमा सडक फराकिलो पार्न रु सात करोड बढी लागतको आयोजना सुरु गरेको हो। आयोजना प्रमुख तेजस्वी शर्माले ठेक्का सम्झौता गरेको निर्माण कम्पनीले पहाडमा बिस्फोटक पदार्थको प्रयोग गरी सडक फराकिलो पार्न 'ड्रिलिङ' गर्न थालेको जानकारी दिनुभयो।

"डिलतर्फ कालीगण्डकी नदी र कुनामा अग्लो कडा चट्टानी पहाड भएको महभिर र भिरकाटे क्षेत्रमा सडक फराकिलो पार्न बिस्फोटक पदार्थको सहायता लिनुपरेको हो", उहाँले भन्नुभयो, "हाल एकतर्फी रूपमा सञ्चालनमा रहेको यस क्षेत्रको सडकलाई दुई लेनको ११ मिटर फराकिलो बनाउने र ढलान गर्ने लक्ष्य छ।"

आगामी असोजसम्म सम्पन्न गर्ने लक्ष्यसहित रु सात करोड सात लाख ७४ हजारमा कालीमाता-थापाकाजी-रसुवा जेभीसँग ठेक्का सम्झौता भएको आयोजना प्रमुख शर्माले जानकारी दिनुभयो। "विसं २०६४ मा नेपाली सेनाले मार्ग खोलेको महभिर र भिरकाटे खण्डको करिब ७०० दूरीको करिब पाँचदेखि छ मिटर फराकिलो सडकमा दुईतर्फी सवारीसाधन सञ्चालन हुन सक्दैनन्। मालवाहक र यात्रुवाहक सवारीसाधन पार हुन आलोपालो गर्नुपर्ने अवस्था छ।

# चितवनको शवदाह गृह सञ्चालनमा आउन सकेन

चितवन । पवित्र धार्मिक तीर्थस्थल देवघाटमा निर्माण गरिएको शवदाह गृह परीक्षणका क्रममा प्राविधिक समस्या आएपछि नियमित सञ्चालनमा ल्याउन सकिएको छैन । गत असोज २४ गते सघन सहरी तथा भवन निर्माण आयोजना चितवनले निर्माण सम्पन्न गरी शवगृह भरतपुर महानगरपालिकालाई हस्तान्तरण गरेको थियो।



महानगरपालिकाका विपद् शाखा प्रमुख बालकृष्ण थपलियाका अनुसार परीक्षणका क्रममा सहज रूपमा शव दहन नभएपछि समस्या उत्पन्न भएको हो । "कतिपय शव एक घण्टामा दहन भएका थिए भने कतिपय आठ-नौ घण्टामा पनि दहन हुनसकेको थिएन। लामो समयसम्म शवगृहमा राख्दासमेत नपोलिएपछि यहाँ आएका मलामीले आक्रोश व्यक्त गर्दै तोडफोडसमेत गरेका थिए । यससँगै बन्द भएर मर्मतसम्भार थालिएको शवगृह सञ्चालनमा आएको छैन", उहाँले भन्नुभयो।

महानगरपालिकाले १६ जना 'स्वीपर'लाई शव दहनसम्बन्धी तालिम दिएको थियो। उहाँहरूले तालिम लिए पनि प्रभावकारी हुन नसकेको थपलियाले बताउनुभयो। शव दहन गर्ने उपकरण चलाउन प्राविधिक जनशक्ति आवश्यक पर्ने जनाउँदै उहाँले त्यस्तो जनशक्ति पाउन कठिन भएपछि नियमित सञ्चालनमा समस्या भएको उल्लेख गर्नुभयो।

शवदाह गृह जडान गरेका निर्माण कम्पनीले मर्मत गरिएको पत्र महानगरलाई प्राप्त भएको भन्दै जनाउँदै विपद् शाखा प्रमुख थपलियाले अब कसरी सञ्चालन गर्ने भन्ने विषयमा छलफल भइरहेको बताउनुभयो । उहाँका अनुसार जनशक्तिको अभाव हुने, चौबिसै घण्टा जनशक्ति राखेर उपकरण तताउँदा खर्चिलो हुने, धुवाँ स्थानीय बस्तीमा जाँदा गुनासो बढेकोलगायत समस्या देखिएपछि बृहत् छलफल गरेरमात्र निर्णय लिने पक्षमा महानगरपालिका छ।

महानगरका कार्यवहाक प्रमुख चित्रसेन अधिकारीले बोलपत्र आहवान गरेर शवदाहको जिम्मेवारी दिन लागिएको बताउनुभयो । महानगरले जारी गरेको बोलपत्रपछि एउटा निजी फार्मले प्रस्ताव पेस गरेको जनाउँदै उहाँले कुनै संस्थाले जिम्मेवारी स्वीकारेमा सहज हुने भएकाले सोहीअनुसार त्यस्तो संस्थाको खोजी भइरहेको बताउनुभयो।

निर्माण थालिएको सात वर्षपछि विद्युतीय शवदाह गृह सञ्चालनमा ल्याइएको थियो। विसं २०७५ माघ ३ गते निर्माण थालिएको शवदाह भवन पटकपटक मिति थप हुँदै निर्माण गरिएको थियो। गृहमा दुईवटा शवदाह गर्ने उपकरण जडान गरिएको छ भने चार वटा शव राख्न मिल्नेगरी 'फ्रिज' जडान गरिएको छ।

सहरी विकास कार्यालयले रु ११ करोड २१ लाख आठ हजार ६४१ मा शवदाह गृह निर्माण गरिएको जनाएको छ । देवघाटमा चितवन, नवलपरासी, तनहुँसहित देशका विभिन्न जिल्लाबाट यहाँ शवदाहका लागि ल्याउने गरिन्छ । दाउराको अभावका कारण व्यवस्थापनमा चुनौती हुँदै आएको छ । सहज रूपमा शवदाहस्थल सञ्चालन हुनसकेमा दाउराको समस्या र वर्षात्मा शवदाह गर्दा हुने समस्या समाधान हुनेछ । यसले बेवारिसे शवको अन्त्येष्टिका लागि पनि सहयोग पुग्ने स्थानीय बताउँछन् । रासस

# पशुपति क्षेत्र विकास कोषको नयाँ नियमावली जारी, कार्यकारी निर्देशक पद नरहने

काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले पशुपति क्षेत्र विकास कोष कर्मचारी सेवा, शर्त तथा सुविधासम्बन्धी नियमावली, २०८३ स्वीकृत गरी जारी गरेको छ।

मन्त्रियस्तरीय निर्णयअनुसार कोषको पुरानो नियमावली खारेज गरी पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी कोष सञ्चालक परिषद्को अध्यक्षसमेत रहनुभएका मन्त्री खड्कराज पोडेल (गनेस) ले नयाँ नियमावली जारी गर्नुभएको हो।

कोषको नयाँ नियमावलीअनुसार कार्यकारी निर्देशकको पद हटाइएको मन्त्रालयका प्रवक्ता जयनारायण आचार्यले राससलाई जानकारी दिनुभयो।

कोषमा ऐनले कार्यकारी अधिकार दिएको सदस्य सचिवको व्यवस्था हुँदाहुँदै वसन्त चौधरी सदस्य सचिव भएका बेला नियमावलीमा संशोधन गरी कार्यकारी निर्देशकको व्यवस्था गरिएको थियो।

विसं २०६० मा कार्यकारी निर्देशकको व्यवस्था भएपछि पहिलो कार्यकारी निर्देशकका रुपमा सरकारका उपसचिव रामशरण चिमौरियालाई तोकिएको थियो । उहाँको कार्यकालपछि पुरातत्व विभागको महानिर्देशकबाट सेवा निवृत्त हुनुभएका कोषप्रसाद आचार्यलाई कार्यकारी निर्देशकमा नियुक्ति गरिएको थियो । आचार्यपछि कोषकै निर्देशक रमेश उप्रेतीलाई कार्यकारी निर्देशकमा नियुक्ति दिइएको थियो । उप्रेतीपछि डा घनश्याम खतिवडा कार्यकारी निर्देशक हुनुभएको थियो।

खतिवडापछि कार्यकारी निर्देशक नियुक्त हुनुभएकी लक्ष्मी पुनका विषयमा विवाद भएपछि अदालतबाट हटाइएको थियो।

पुनपछि सुभासचन्द्र जोशी कार्यकारी निर्देशक नियुक्त हुनुभएको थियो । कोषको नयाँ नियमावली जारी भएसँगै बहाल रहेकै अवस्थामा जोशीलाई पनि हटाइएको जनाइएको छ । विसं २०६० पछि कोषको कार्यकारी निर्देशकमा छ जनाले काम गरेपछि यो पद नै नरहने व्यवस्था भएको छ। रासस

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। मेरो भगवान् मेरी आमा ।।

संसारमा आमा भन्दा प्यारो कोही छैन, हजुरले साथ मात्र होइन संसारलाई हेर्ने दिनु भयो। आमा भन्दा ठूला कोही छैन, पानीमा सँगै दुई जाना सास थुम्नुभयो ,हजुरले ठूला- ठूला स्वरले आवाज दिनु भयो, मलाई लाग्दै थियो, मेरी आमा मलाई खुसी पार्नका लागि आवाज दिदैछ।

जब म रोएँ तब सुन्ने कोही थिएन, आमा, जब हजुर रुनु भए तब मैले सुनें, तर मलाई लाग्यो, मेरी आमा मलाई खेलाउनका लागि यस्तो गर्दैछ। तर मलाई के थाहाँ हजुरले यो संसार छोडेर नै जानु भयो ।

म हजुरसँगै सास लिँदै थिएँ, जब हजुरको सास रोकियो, तब मलाई आमा - आमा भन्न मन लाग्यो, अचानक कसरी बोल्न छोड्नुभयो , मेरी आमा तर बिस्तारै बिस्तारै मेरो सास पनि रोकिँदै थाल्यो आमा।

यति धेरै पानी यता बाट उता उछाल्दा पनि, मेरो साथ छोड्नु भएन–आफ्नो काखमा टाँसेर मलाई राख्नु भयो आमा म आज गर्वका साथ भन्छु, संसारमा आमा भन्दा प्यारो कोही छैन, हजुरले साथ मात्र होइन संसारलाई हेर्ने दिनु भयो। आमा भन्दा ठूला कोही छैन्।

तपाईंले मलाई यसरी टाँसिनु भयो, आफ्नो काखमा जस्तो कि, तपाईंकै गर्भमै छु जस्तो लाग्यो , सास रोकिँदा पनि थाहा पाउन सकिनँ म तपाईंले यसरी हात समात्नु भयो मेरो जस्तो कि हजुरकै गर्भमै छु अहिले सम्म। आज म यही पनि सँग सोध्दै छु ? मान्छे मरेपछि गंगामा नुहाउँछ तर हामी दुईजना जिउँदै पानीमा सास थुम्नुभयो आमा। हाम्रो नसिबमा के लेखि दिएको थियो दैवोले आज दुई जाना पनिमा मारेर संसारमा छोडेर जानु प-यो आमा।



**नामः पूजा कुमारी पंडित**
**घरः जनकान्दिनी गाउँपालिका - ४ खजुरी**

## ।। अप्पन सतोषरधाम ।।

ऋषि के$\text{ऽ}$ स्थान अइछ यी हमर सतोसर धाम।
जहाँ बिराजमान अइछ महादेव बाबा , करैइछैय
सब के$\text{ऽ}$ कल्याण।।
सात गो$\text{ऽ}$ पोखरी स$\text{ऽ}$ सजल हैइ कुसमाहा गाउँ
कहाँ मिलत कतौउ यी सुन्दर सतोसर धाम।
सुन्दर , शान्त वातावरण छैय यी ठाउँ
प्रेम ,सद्भाव स$\text{ऽ}$ भरल हैइ ,अनेकता
मे एकता बनल छैय समाज।।
गरिव ,असहाय के$\text{ऽ}$ लेल छैय युवा त्यार
सब कोइ हाथ मे हाथ मिलाक करिछैय
समाज के उधार।
सब दिन गमागम करैछैय यी सतोसर धाम
बोलबम , जितिया,परिक्रमा ,दुर्गा भसौनी
मेला छैय यी ठाउँ मे महान ।।
ऋषि के$\text{ऽ}$ स्थान अइछ यी हमर सतोसर धाम
जहाँ बिराजमान अइछ महादेव बाबा,करैइछैय
सब के कल्याण ।।



**सरोज कुमार साह/सतोषरधाम।**

## ।। उपयुक्त ।।

डुङ्गामा कठोरता हुन्छ,श्वास त जीवमै भेटिन्छ ।
सुरुको कखरा हेर्दिन, अन्त्यको हेरिन्छ त निबन्ध ।
तिमी खोज बाँसमा आँप,
आखिर आँप त आँपकै रुखमा भेटिन्छ ।
कहिले सड्लो पानीमा लेऊ,
फोहोर पानीमा पनि कमल भेटिन्छ ।
कति सुन्दर किन नहोस् अन्य तारा,
आखिर प्रेमीलाई धब्बा चन्द्र नै मागिन्छ ।
तिमीलाई जे, जुन जोसँग चाहिएको छ,
त्यहीसँग नै गएर माग ।
न त रातमा सूर्य देखिन्छ,न त दिनमा चन्द्र हेरिन्छ ।
तिमी नखोज ममा तिमी अनि तिमीमा म,
ममा त अधुरोपन भेटिन्छ र तिमीमा तिमी नै देखिन्छ ।
तिम्रो प्रेमको प्यास मेटाउने थोपा,
म मरुभूमिमा होइन, अन्य भरनामै भेटिन्छ।
तिम्रो प्रेमको अक्षर ग्रन्थमा लेखिएला,
मेरो त कफनमै लेखिन्छ ।।



**नामः प्रिन्स काले**
**ठेगानाः नयाँ ठिमी, भक्तपुर**

## ।। बाबु जी ।।

बाबु जी अपने भुखल प्यासल
बाल बच्चा के पेट भरै छै
बाल बच्चा खातिर बाबु जी
दुनियाँ संसार सँ लरै छै
नै बुझै बाबु जी दिन
नै बुझै छै राइत
बाल बच्चा लेल बाबु जी
मेहनत करै दिन राइत
अपने फाटल पुरान कपडा
बाल बच्चा के नया दिलबै छै
अपन सख सेहन्ता माइर बाबु जी
बाल बच्चा के सेहन्ता जुरबै छै
अपने अनपढ छै बाबु जी
बाल बच्चा के पढबै छै
पढा लिखाक बाल बच्चा के
काबिल बनबै छै
बाल बच्चा खातिर बाबु जी
साहुदी कतार खटै छै
कतबो काम धन्दा करै छै बाबु जी
नहि कहियो थकै छै



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर**
**हाल सात समुद्र पार दोहा कतार**

## ।। सुकुम्बासी को व्यथा ।।

न आफ्नो जग्गा, न आफ्नो जमिन,
खोलाको किनार प्यारो छ
कति दिन टिक्ने हो यो झुप्रो, बाच्न त धेरै गाह्रो छ।
आँधी र हुरी चल्दा खेरि, मुटु कयौँ पटक काँप्छ
सरकारको डोजर देख्दा खेरि, खुसी सबै भाग्छ।
हुनेलाई सहरका अग्ला घर, हामीलाई यो झुपडी
खिया लागेका जस्ताका पाता, नाम्लो र यो खुर्पेटी।
सन्तानको भविष्य सोच्दा खेरि, आँखा त्यसै भरिन्छ
कतै फेरि उठीबास लाग्ने हो कि, भन्ने डरले मरिन्छ।
धनीका लागि त यो माटो, पैसाको एउटा थुप्रो हो
हाम्रो लागि त यही धर्ती, बाँच्ने एउटा आश हो।
हेर्ने नजर फरक किन? हामी पनि त मान्छे हौं
एउटा सानो ओतका लागि, वर्षौंदेखि रुन्छौं।
पसिना बेचेर देश बनायौं, तर आफ्नो बास भएन
दुःखको सागर तर्यौं धेरै, तर कहिल्यै निकास भएन।
हाम्रो पनि त रहर छ नि, शान्तिसँग सुत्नलाई
एउटा सानो जमिन देऊ, सधैंभरि हास्नलाई।



**नामःदिपेन्द्र कुमार साह (सन्नी साह)**
**ठेगानाः जनकपुर देवी चौक-१०**
**पेसाःसिमिल**

## ।। अधुरो साथ ।।

सम्बन्ध पनि सिसा जस्तै टुट्छन् आजभोलि ।
मलाई गिराउन आफ्नै पनि जुट्छन् आजभोलि ।।
हुँदाखाँदा दुश्मन पनि आफ्नो बन्न खोज्छन् ।
केही नहुँदा आफ्ना पनि छुट्छन् आजभोलि ।।
दुःख पर्दा खेरिभिक मागे भै साथ खोज्छ ।
सुखमा चिल्लो घसेर सबैले लुट्छन् आजभोलि ।।
कहिल्यै नछुटिने गरि बाचा गरेकाहरु छोड्छन्।
कमजोर हुँदै बहाना बनाई फुट्छन् आजभोलि ।।
गरेर बर्बाद नसोध, खबर कस्तो छ ।
बरु भन त्यो पराइ, व्यक्ति कस्तो छ ।।
अझै कति लडेपछि, खुसी भेटिएला।
ए जिन्दगी भन, तेरो सफर कस्तो छ ।।
हरकोहिलाई आफ्नै देख्ने मेरा आँखा।
मलाई दुश्मन देख्नेको नजर कस्तो छ ।।
सोध्नुहुन्छ मेरो जीन्दगीको बारेमा हजुर ।
कसरी भनौं मलाई मर्ने, रहर कस्तो छ....।।



**नाम :- बिरेन्द्र कुमार चौधरी**
**ठेगाना :- हरिहरपुर,मिथिला न.पा.३ धनुषा**

## ।। बैशाख बसन्त रितु ।।

बैशाख आयो, बसन्त सँगै,
हरियो बनमा हाँसो रँगै।
फूलको बास्ना हावामा छायो,
मनको आँगन उज्यालो भयो।
चरीको गीत बिहानै गुन्ज्यो,
नयाँ सपना मुटुभित्र फुल्यो।
पिपल डाली हल्लिँदै बोल्छ,
प्रेमको कथा बताउँदै खोल्छ।
सूर्यको किरण सुनझैं टल्क्यो,
धरतीभरि आनन्द पल्क्यो।
बैशाख महिनाले सन्देश ल्यायो,
दुःख बिर्सेर मुस्कान छरायो।
बसन्तको रङ मनमा छायो,
आशाको दीप फेरि बलायो।
जीवनको बाटो सुन्दर बनोस्,
हरेक दिन फूलझैं सजियोस्।



**लेखकः बब्लु शर्मा**
**ज.उ. न. पा. ७**

## ।। गजल ।।

जिनगी कहियो नईं बनऽबला टूटल तार भऽ गेल पीड़ाकें जीतऽ
खोजलहुँ तऽ लगातार हार भऽ गेल
जइरेसँ सुखा का कहियो नईं बढ़ाबला
ई जिनगी सेहो सूखल झार भऽ गेल ।
इच्छासँ चान ओ खुशीक तारा खोजलौं तऽ दुःख दर्द जीवनक
आधार भऽ गेल यात्रा करैतकाल साथी भेटल कतेक अइ वस्तीमे
एकान्तसँ हमरा आओर प्यार भऽ गेल नीरस ई संसारमे बचबाक
कोनो इच्छा नइँ होइत अपना जीवित लास उघव साँसक
अधिकार भऽ गेल उदास-उदास भोरसँ उदास उदास साँझधरि
अनचाहल जिनगीक पल हमरा लेल भार भऽ गेल



**नाम :-मनिष कुमार महतो**
**घर :- मिथिला नगरपालिका -३**

## ।। म ठीक छु भन्ने मान्छे ।।

सबैलाई भन्छु- "म ठीक छु...
" तर साँचो के हो भने, म ठीक हुन खोजिरहेको छु।
पहिले-सानो कुरामा हाँस्थें,
अहिले-ठूलो खुशी पनि मनसम्म पुग्दैन। पहिले भविष्य रंगीन देखिन्थ्यो, अहिले- आजको दिन काट्नु नै ठूलो जीत जस्तो लाग्छ। म बदलिएको होइन,
तर समय ले मलाई चुप लाग्न सिकायो। अब म बोल्दिन, किनकि कसैले बुझ्दैन भन्ने थाहा छ। सबैलाई लाग्छ - "यो मान्छे त बलियो छ"
तर कसैले देख्दैन - रातमा म आफ्नै सोचसँग हारिरहेको हुन्छु। कहिलेकाहीँ सबै छोडेर भाग्न मन लाग्छ...
तर जिम्मेवारीले मलाई बाँधेर राखेको छ। अनि फेरिभोलि उठ्छु -उही मुस्कान लगाएर, उही पीडा लुकाएर।
किनकि कमजोर देखिनुभन्दा, चुप लागेर सहनुसजिलो लाग्छ।



**लेखक नाम :- आनन्द कुमार कामत**
**ठेगाना :- जनकनंदिनी गा.पा. ५ पतनुका , धनुषा**

## ।। जिन्दगी कहा हो थाहै भएन ।। ,

म कता हो हतारै भएन।
जिन्दगीको धेरै लामो समयमा , सानो मायाको चिनो मात्र हो।
जिन्दगी अफ्ठयारोमा हुदा कोइ पनि आफन्त होइन , खुशी हुदा सबैको आफ्नै कहा रमाइलो हो।
जुन्दगीमा मन भाडी हडास हुन सक्छ , हारिन सक्दैन।
लाजै नभाको काज के को , थाहै नभए साथ र बात कसको।
मनै नपरे छहारी , कुरै न भए कसरी ठहरी।
जिन्दगी को समय संग बितिदै गएको आफ्नो पन र आश , बदलिदै गएको भवान सबिकार्दै गएको सपना मान्छे लाई दुख होइन अझ शसक्त र सबल बनाउछ ।



**अजय यादव ( स वि कान्छा दाई )**
**शहीदनगर नगरपालिका वडा नं ०७ धबौली**

# हलमा 'लालीबजार'को दबदबा कायम, दोस्रो सातामा झनै बढ्यो शो

काठमाण्डु । उच्च अदालत पाटनको आदेशमा फिल्म 'लालीबजार'को प्रदर्शन रोकिएपछि धेरैलाई लागेको थियो- अब फिल्मलाई व्यावसायिक सफलता हासिल गर्न गाह्रो पर्छ । तर, अदालतले प्रदर्शनको बाटो खुला गरेपछि वैशाख २५ गतेबाट हलमा लागेको यो फिल्मले 'वर्ड अफ माउथ'को बलमा देशभर उत्साहजनक व्यापार गरिरहेको छ ।



फिल्मले पहिलो साता मात्र करिब साढे २ करोड कमाएको छ । दोस्रो साता फिल्मको व्यापार अझ आक्रामक हुने अनुमान गरिएको छ । आज शुक्रबारको व्यापार मात्र फिल्म प्रदर्शन भएको पहिलो दिनको भन्दा बढी छ । भोलि शनिबारका लागि पनि देशभर उत्साहजनक रूपमा टिकट बिक्री भइरहेकाले फिल्मले दुई सातामै ५ करोडको आँकडा कटाउने देखिन्छ ।

दोस्रो साता फिल्मको शोमा समेत भारी वृद्धि देखिएको छ । भोलि शनिबारका लागि फिल्मले देशव्यापी दुई सयभन्दा बढी शो पाएको छ, जुन पहिलो साताको भन्दा लगभग दोब्बरले बढी हो । यसले पनि फिल्मको व्यापार देशभरका हलमा उत्साहजनक रहेको पुष्टि गर्छ । यसको मुख्य आधार भने सकारात्मक 'वर्ड अफ माउथ'लाई मानिएको छ ।


यो फिल्म बादी समुदायका आमा-छोरीको कथामा आधारित छ । यसैले यो समुदाय फिल्मलाई लिएर दुई कित्तामा बाँडिएको देखिन्छ । केही फिल्मको विरोध गर्दै सडकमा आन्दोलित छन् भने केहीले प्रशंसाको पुल बाँधिरहेका छन् । केही दिनअघि सुर्खेतको एक हलमा डेढ सयभन्दा बढी बादी समुदायका दर्शकले फिल्म हेरेपछि निर्माण टिमलाई धन्यवाद दिएका थिए ।

फिल्मको टिम एक सातादेखि दर्शकसँग भेट गर्न काठमाडौंसहित मोफसलका हलहरूमा समेत पुगिरहेको छ । केही दिनअघि अभिनेत्री स्वस्तिमा खड्कासहितका कलाकारहरूले नेपालगन्ज, बुटवल र सुर्खेतका विभिन्न हलमा पुगेर दर्शकहरूलाई धन्यवाद दिएका थिए । अब स्वस्तिमा भोलि शनिबार चितवन र आइतबार पोखरा जाँदैछिन् ।

यम थापाको निर्देशनमा बनेको यस फिल्ममा स्वस्तिमासहित रवीन्द्रसिंह बानियाँ, समाइरा थापा, मुकुन्दकुमार श्रेष्ठ, विशाल देवकोटा, प्रशंसा सुवेदी, अभय बराल, आशा पौडेल, गोविन्द सुनार, रमेश बादी, तारा शर्मा लगायतको अभिनय रहेको छ । फिल्मका कार्यकारी निर्माता प्रदीप भट्टराई हुन् भने म्याक्स दीपेश खत्री र रवीन्द्रसिंह बानियाँ निर्मातामा छन् ।

# 'रोल नं १'को ट्रेलरमा बच्चामाथि थोपरिएको शैक्षिक दबाबको कथा

काठमाण्डु । गणतन्त्र दिवसको अवसर पारेर जेठ १५ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'रोल नं १'को ट्रेलर सार्वजनिक गरिएको छ । तीन मिनेटभन्दा लामो ट्रेलरले फिल्मको कथावस्तु प्रस्ट पार्ने प्रयास गरेको छ । सामाजिक प्रतिष्ठाका लागि अभिभावकले आफ्ना सन्तानलाई दिने पढाइको दबाब र त्यसले बच्चामा पार्ने प्रभावलाई ट्रेलरमा देखाइएको छ ।



बाबु-छोरालाई केन्द्रमा राखिएको ट्रेलरमा आफ्नो इज्जतका लागि बाबुले छोरालाई कक्षाको प्रथम हुन दिएको दबाब, गरिबीकै कारण शिक्षाबाट बञ्चित हुनुपर्ने अवस्था, छात्रवृत्ति पाउन गरिब परिवारले गर्नुपर्ने सघर्ष, पढाइको दबाबले बाल मनोविज्ञानमा पारेको प्रभावलाई मर्मस्पर्शी रूपमा चित्रण गरिएको छ । ट्रेलरमा फिल्मको दृश्यभाषा बलियो देखिएको छ ।

कीर्तिमानी फिल्म 'पूर्ण बहादुरको सारङ्गी'को निर्माता कम्पनी सेभेन सिज सिनेमाले निर्माण गरेको यस फिल्ममा मुकुन भुसाल, सुशांक मैनाली, रेणु योगी, सिर्जना अधिकारी, निर्भिक रेग्मी, रिन्चेन लामा, संयम कटुवाल, सिजल श्रेष्ठलगायतका कलाकारहरूको अभिनय रहेको छ ।

# ‘मौलिक हकविरुद्ध सरकारले कुनै कदम चाल्दैन’

**टुडे समाचारदाता**

काठमाण्डु । सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले संविधानले प्रत्याभूत गरेका प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताजस्ता मौलिक हकविरुद्ध सरकारले कुनै पनि कदम नचाल्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

उनले प्रेस स्वतन्त्रता लोकतान्त्रिक शासन व्यवस्थाको आधारभूत स्तम्भ भएकाले सरकारले त्यसको सम्मान गर्दै सञ्चार क्षेत्रलाई थप जिम्मेवार, मर्यादित र व्यावसायिक बनाउन आवश्यक पहल गर्ने बताएका हुन् ।

सञ्चारिका समूह नेपालसँग मन्त्रालयमाभएकोभेटघाटतथाछलफलका क्रममा सञ्चारमन्त्री तिमिल्सिनाले सरकार प्रेस स्वतन्त्रताप्रति पूर्ण प्रतिबद्ध रहेको उल्लेख गर्दै सञ्चारमाध्यम तथा नागरिक दुवैले अभिव्यक्ति स्वतन्त्रताको प्रयोग गर्दा जिम्मेवारीबोध गर्नुपर्नेमा जोड दिए। 'प्रेस र अभिव्यक्ति स्वतन्त्रतामा असर पर्नेगरी सरकारले कुनै पनि कदम उठाउँदैन', उनले भने, “तर स्वतन्त्रताको प्रयोग गर्दा सामाजिक उत्तरदायित्व र संवेदनशीलता पनि उत्तिकै आवश्यक हुन्छ ।”

उनले पछिल्लो समय सञ्चार क्षेत्र विभिन्न चुनौतीबाट गुज्रिरहेको उल्लेख गर्दै समग्र सञ्चार प्रणाली सुधारका लागि मन्त्रालय गम्भीर रहेको बताए । पत्रकारितालाई थप विश्वसनीय, मर्यादित र व्यावसायिक बनाउन सञ्चारमाध्यम, पत्रकारको हितसँग जोडिएका संस्था तथा राज्यबीच सहकार्य आवश्यक रहेको उनको भनाइ छ। सञ्चारमन्त्री तिमिल्सिनाले तथ्यमा आधारित, जिम्मेवार र जनउत्तरदायी पत्रकारिताले मात्रै लोकतन्त्रलाई बलियो बनाउने धारणा व्यक्त गरे ।



“महिला र बालबालिकासम्बन्धी विषयलाई सनसनीपूर्ण वा असंवेदनशील ढङ्ले प्रस्तुत गर्ने प्रवृत्ति बढेको छ । यस्ता खराब प्रवृत्ति हटाउन सञ्चारमाध्यम अझ जिम्मेवार बन्नुपर्छ”

उनले सञ्चारमाध्यमले प्रकाशन तथा प्रसारण गर्ने सामग्रीप्रति थप संवेदनशील हुनुपर्ने आवश्यकता औँल्याए । महिला, बालबालिका तथा संवेदनशील सामाजिक विषयमा कतिपय सञ्चारमाध्यमले असावधानीपूर्वक सामग्री प्रस्तुत गर्ने गरेको उल्लेख गर्दै उहाँले यसले सामाजिक मनोविज्ञानमा नकारात्मक असर पार्ने बताए । “महिला र बालबालिकासम्बन्धी विषयलाई सनसनीपूर्ण वा असंवेदनशील ढङ्गले प्रस्तुत गर्ने प्रवृत्ति बढेको छ। यस्ता खराब प्रवृत्ति हटाउन सञ्चारमाध्यम अझ जिम्मेवार बन्नुपर्छ”, उनले भने ।

उनले सामाजिक सञ्जाल र डिजिटल प्लेटफर्ममार्फत प्रसारित सामग्रीको प्रभाव तीव्र बन्दै गएको सन्दर्भमा पत्रकारिता क्षेत्रलाई थप उत्तरदायी बनाउने चुनौती रहेको पनि बताए । पछिल्लो समय क्लिकबेट, अतिरञ्जित प्रस्तुति तथा अपुष्ट सूचनाको प्रवृत्ति बढ्दै गएको सङ्केत गर्दै उनले व्यावसायिक पत्रकारिताको मान्यता र आचारसंहिताको पालनामा जोड दिए ।

भेटका क्रममा मन्त्री तिमिल्सिनाले लामो समयदेखि कार्यान्वयनमा समस्या देखिएको श्रमजीवी पत्रकार ऐनअन्तर्गतको न्यूनतम पारिश्रमिक निर्धारणसम्बन्धी व्यवस्था कार्यान्वयन गरिने प्रतिबद्धता पनि व्यक्त गरे। सञ्चार क्षेत्रमा कार्यरत पत्रकारहरूले नियमित पारिश्रमिक नपाउने, श्रम अधिकार कार्यान्वयन नहुने तथा असुरक्षित वातावरणमा काम गर्नुपर्ने अवस्था अन्त्य गर्न मन्त्रालयले आवश्यक पहल गर्ने बताए ।

सरकारी विज्ञापन तथा लोककल्याणकारी विज्ञापन वितरणमा आर्थिक पारदर्शिताको प्रश्न उठिरहेको सन्दर्भमा सरकारले अब नियमनलाई थप कडाइ गर्ने उनले भनाइ थियो । सरकारी विज्ञापन वितरण प्रणालीलाई व्यवस्थित, पारदर्शी र मापदण्डमा आधारित बनाउने तयारी भइरहेको जानकारी दिँदै उनले सीमित पहुँचका आधारमा विज्ञापन बाँडफाँट हुने प्रवृत्ति अन्त्य गर्नुपर्ने आवश्यकता औँल्याए ।

यसैबीच, सञ्चारिका समूह नेपालकी अध्यक्ष कमला पन्थीले सञ्चार क्षेत्र दिनप्रतिदिन व्यावसायिक रूपमा असुरक्षित बन्दै गएको बताइन् । उनले धेरै सञ्चार संस्थामा पत्रकारले समयमै तलब नपाउने गुनासो आउने गरेको र महिला पत्रकारहरू थप जोखिमपूर्ण वातावरणमा काम गर्न बाध्य रहेको उल्लेख गरे ।

अध्यक्ष पन्थीले विशेषगरी महिला पत्रकारमाथि हुने विभेद, कार्यस्थल असुरक्षा तथा अनलाइन दुर्व्यवहारका घटनामा राज्य गम्भीर हुनुपर्ने माग गरे। उनले सञ्चारमाध्यम र सामाजिक सञ्जालमा महिलाविरुद्धका द्वेषपूर्ण सामग्री बढ्दै गएको भन्दै त्यसले लैङ्गिक समानता र सम्मानजनक सार्वजनिक संवादमाथि चुनौती सृजना गरेको बताइन् ।

उनले कतिपय सञ्चारमाध्यमले महिलासम्बन्धी विषयलाई अतिरञ्जित तथा सनसनीपूर्ण रूपमा प्रस्तुत गर्ने गरेको भन्दै यस्ता प्रवृत्तिले महिला अधिकार र मर्यादामा प्रत्यक्ष असर पार्ने धारणा राखिन् । महिला अधिकार, श्रम सुरक्षा, समान अवसरजस्ता विषयलाई नीति निर्माण तहमा गम्भीरतापूर्वक उठाउनुपर्ने आवश्यकता रहेको उनको भनाइ छ ।

# सरकारको सुझाव सङ्कलन पोर्टलमा उत्साहजनक सहभागिता, शिक्षा र स्वास्थ्य क्षेत्रमा सबैभन्दा बढी



**टुडे समाचारदाता**

काठमाण्डु । आगामी आर्थिक वर्षको बजेट, नीति तथा कार्यक्रम तर्जुमा प्रक्रियालाई पारदर्शी, प्रभावकारी तथा सहभागितामूलक बनाउन सञ्चालनमा ल्याएको ‘सुझाव सङ्कलन सार्वजनिक पोर्टल’ मा नागरिकहरूको सहभागिता उत्साहजनक देखिएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ ।

सरकारले नागरिक, विषयविज्ञ तथा नीति-निर्माताबाट महत्वपूर्ण सुझाव संकलन गर्ने उद्देश्यसहित शुरु गरेको उक्त पोर्टलमा एक सातामै विभिन्न क्षेत्रबाट हजारौं सुझाव प्राप्त भएका छन् ।

एक सातामा प्राप्त विवरणअनुसार सबैभन्दा बढी सुझाव शिक्षा, स्वास्थ्य तथा विज्ञान क्षेत्रमा परेको छ। यस शीर्षकमा मात्रै २ हजार ४२४ सुझाव संकलन भएका छन् । साथै अर्थ, उद्योग तथा वाणिज्य क्षेत्रमा २ हजार ५२१ र पूर्वाधार विकास क्षेत्रमा २ हजार १५८ सुझाव प्राप्त भएका छन् ।

त्यस्तैगरी अन्तरसरकारी समन्वयमा १ हजार ८५०, वन तथा वातावरणमा ७८६, कर्मचारी प्रशासनमा ६२९, अन्य शीर्षकमा ५४९, नागरिक सेवामा ४५९, सुशासनमा ४४२, सार्वजनिक वित्त व्यवस्थापनमा ३१७, कानून तथा न्यायमा ३०४, सामाजिक सुरक्षामा २९२ तथा भूमि प्रशासन क्षेत्रमा २४६ सुझाव संकलन भएका छन् । नागरिकले पठाएको सुझावलाई ‘सुझाव ट्र्याक’ सुविधा समेत उपलब्ध गराइएको छ ।

उक्त पोर्टलमा आएका सुझावहरूलाई नीतिगत तथा प्रशासनिक तहमा समीक्षा गरी कार्यान्वयन गर्ने प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ ।

# उपराष्ट्रपति यादवसँग इजरायली राजदूतको शिष्टाचार भेटवार्ता



काठमाण्डु । उपराष्ट्रपति रामसहायप्रसाद यादवसँग नेपालका लागि इजरायलका महामहिम राजदूत श्मुलिक एरी बासले आज लैनचौरस्थित उपराष्ट्रपतिको कार्यालयमा शिष्टाचार भेटवार्ता गर्नुभएको छ।

भेटमा शुभकामना आदानप्रदानपश्चात् द्विपक्षीय सम्बन्ध, आर्थिक सहयोग, श्रम आप्रवासन, शिक्षा तथा तालिमलगायत विषयमा महत्वपूर्ण संवाद भएको थियो ।

उपराष्ट्रपति यादवले नेपाल-इजरायलबीच सन् १९६० जुन १ मा कूटनीतिक सम्बन्ध स्थापना भएदेखि मित्रता, सद्भाव, पारस्परिक समझदारी तथा सहयोगमा आधारित उत्कृष्ट सम्बन्ध कायम रहिआएको बताउनुभयो । उहाँले अर्थतन्त्र, व्यापार, पर्यटन तथा लगानीका क्षेत्रमा सहयोग विस्तार गर्ने प्रशस्त सम्भावना रहेको उल्लेख गर्दै यस्ता अवसरको पहिचान तथा उपयोगमार्फत दुवै मुलुकले पारस्परिक लाभ हासिल गर्नसक्ने विश्वाससमेत व्यक्त गर्नुभयो ।

उपराष्ट्रपति यादवले नेपाली श्रमिकलाई रोजगारीका अवसर उपलब्ध गराएकामा इजरायल सरकारप्रति धन्यवाद व्यक्त गर्नुभयो। साथै, नेपाली विद्यार्थी तथा पेशाकर्मीहरूका लागि छात्रवृत्ति, व्यावसायिक तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रमलाई इजरायलले निरन्तरता प्रदान गर्दै आएकामा नेपालले उच्च मूल्याङ्कन गरेको बताउनुभयो ।

“शिक्षा, कृषि, सहकारी विकास, प्रहरी तथा सैनिक तालिमलगायतका क्षेत्रमा इजरायलले पुर्‍याउँदै आएको सहयोग प्रशंसनीय छ”, उहाँले भन्नुभयो, “विशेषतः कृषि प्रविधि, अनुसन्धान तथा क्षमता विकासमा हुने सहकार्यले नेपालको कृषि क्षेत्रको आधुनिकीकरण तथा खाद्य सुरक्षामा रूपान्तरणकारी भूमिका खेल्न सक्छ ।” उपराष्ट्रपति यादवले दुवै देशका विश्वविद्यालय, अनुसन्धान संस्थान तथा नवप्रवर्तन प्रणालीबीच सहकार्यका अपार सम्भावना रहेको उल्लेख गर्नुभयो ।

नेपाल-इजरायलले संयुक्त राष्ट्रसङ्घलगायत विभिन्न क्षेत्रीय तथा अन्तरराष्ट्रिय मञ्चहरूमा निकट सहकार्य र सहयोगको परम्परा कायम राख्दै आएको उल्लेख गर्दै उपराष्ट्रपति यादवले आगामी दिनमा पनि यस्तो रचनात्मक सहकार्य अझ सुदृढ हुँदै जाने विश्वास व्यक्त गर्नुभयो ।

पश्चिम एशियाको विकसित परिस्थितिलाई नजिकबाट अवलोकन गरिरहेको नेपाल शान्तिपूर्ण सहअस्तित्वको सिद्धान्तप्रति दृढ प्रतिबद्ध रहेको र शान्ति, स्थायित्व तथा पारस्परिक समझदारी प्रवर्द्धन गर्ने प्रयासलाई निरन्तर समर्थन गर्दै आएको बताउनुभयो ।

उपराष्ट्रपति यादवले इजरायलसँगको सम्बन्धलाई उच्च महत्व दिँदै दुई देशबीचको दीर्घकालीन मित्रतालाई अझ गहिरो तथा विस्तारित बनाउन नेपाल पूर्ण प्रतिबद्ध रहेको उल्लेख गर्नुभयो । उहाँलेइजरायलको ७८औंस्वतन्त्रता दिवसको अवसरमा इजरायल सरकार तथा जनताप्रति हार्दिक शुभकामना व्यक्त गर्नुभयो ।

इजरायली महामहिम राजदूतवासले नेपाललाई कृषि, माहुरीपालन, माछापालनलगायत क्षेत्रमा इजरायल सहयोग गर्न इच्छुक रहेको बताउनुभयो । उहाँले ‘लर्न एण्ड अर्न’ कार्यक्रममार्फत धेरै नेपालीहरुले सीप सिकेर नेपालका विभिन्न क्षेत्रमा काम गरिरहेको उल्लेख गर्दै भविष्यमा पनि नेपालीहरुका लागि ‘वर्क अपर्च्युनिटी’ प्रदान गर्न इजरायल इच्छुक रहेको स्पष्ट गर्नुभयो । साथै, नेपाललाई विभिन्न क्षेत्रमा प्राविधिक सहयोग गर्ने चाहना इजरायलको रहेको बताउनुभयो । रासस

# सकारात्मक संवादका लागि कार्यदलका संयोजक शाहको आह्वान



काठमाण्डु । संविधान संशोधनका लागि बहसपत्र तयार गर्न गठित कार्यदलले जेनजी प्रतिनिधिलाई सकारात्मक संवादका लागि आह्वान गरेको छ। जेनजीका प्रतिनिधिसँग आज हुने लागेको छलफलका विषयमा देखिएका केही अन्योल चिर्दै सकारात्मक संवादका लागि आह्वान गरिएको हो ।

कार्यदलका संयोजक असिम शाहले सबै सरोकारवालाको सुझाव समेटेर बहसपत्रलाई पूर्णता दिनु नै कार्यदलको मुख्य ध्येय रहेको र सोहीअनुरूप जेनजीका प्रतिनिधिलाई पनि छलफलका लागि आमन्त्रण गरिएको उल्लेख गर्नुभयो ।

शुक्रबार साँझ ५:०० बजे तय गरिएको छलफलका सन्दर्भमा केही जेनजी प्रतिनिधिले अघिल्लो सरकारसँग भएका सहमतिका विषयलाई लिएर असन्तुष्टि जनाएपछि संयोजक शाहले वास्तविकता प्रष्ट पार्नुभएको हो । अघिल्लो सरकारसँग भएका सहमति कार्यान्वयनकै चरणमा रहेको उल्लेख गर्दै उहाँले जेनजी परिषद् निर्माण अन्तिम चरणमा पुगेको बताउनुभयो ।

कार्यदलले आयोजना गरेको छलफल संविधान संशोधनका लागि सुझाव सङ्कलन गर्ने विशेष र फरक उद्देश्यका लागि भएकाले यसलाई अन्य विषयसँग नमिसाउन उहाँले आग्रह गर्नुभएको छ । कार्यदलले जेनजीबाट मौखिक र लिखित दुवै माध्यमबाट सुझाव लिने गरी समय व्यवस्थापन गरेको छ ।

शाहले कुनै पनि राजनीतिक विवाद वा भ्रमको पछि नलागी आफ्नो अधिकार र दायित्व सम्झेर छलफलमा सहभागी हुन निमन्त्रित सबै जेनजीलाई अनुरोध गर्नुभएको छ ।

कार्यदलले गत चैत २५ गतेदेखि सरोकारवालासँग छलफल सुरु गरेको थियो । यस क्रममा हालसम्म संविधानविद्, पूर्वप्रशासक र सञ्चार क्षेत्रका विज्ञहरूसँग परामर्श गरिसकिएको छ भने आगामी दिनमा अन्य सरोकारवालासँग पनि छलफल गर्ने कार्यक्रम रहेको छ ।

शासकीयस्वरूप, निर्वाचन प्रणाली र सङ्घीयताजस्ता महत्त्वपूर्ण विषयमा सबैको साझा धारणा बनाउन सरकारको १०० बुँदे कार्यसूचीअनुसार यो प्रक्रिया अघि बढाइएको हो । विभिन्न राजनीतिक दलका प्रतिनिधि सम्मिलित यस कार्यदलले संविधानमा सबै वर्ग र समुदायको अपनत्व सुनिश्चित गर्न जेनजीको अर्थपूर्ण सहभागिता हुनुपर्नेमा जोड दिएको छ। रासस

# कर्णालीका सबै नागरिकले बिमाको सेवा पाउनुपर्छ : मुख्यमन्त्री कँडेल



काँक्रेविहार । कर्णालीका मुख्यमन्त्री यामलाल कँडेलले कर्णालीका सबै नागरिकले बिमाको सेवा पाउनुपर्ने बताउनुभएको छ । नेपाल बिमा प्राधिकरणले आज वीरेन्द्रनगरमा आयोजना गरेको कार्यक्रममा उहाँले बिमालाई नागरिकको दुःखको साथीका रूपमा स्थापित गरिनुपर्ने बताउनुभयो ।

मुख्यमन्त्री कँडेलले कर्णालीजस्ता दुर्गम क्षेत्रमा अझै पनि बिमा सेवाको पहुँच पर्याप्त नभएकाले यसको सेवा विस्तार गर्नुपर्नेमा जोड दिनुभयो । गाउँगाउँसम्म बिमा सेवा पुर्याई कर्णालीका नागरिकको बिमाप्रति सकारात्मक भावनालाई सदुपयोग गर्नुपर्ने उहाँको भनाइ छ ।

आर्थिक कारोबार गर्ने संस्था तथा व्यक्तिहरू विश्वसनीय र आर्थिक रूपमा अनुशासित भएमा मात्र यसको सेवाले सबैको मन जित्ने विश्वास व्यक्त गर्दै मुख्यमन्त्री कँडेलले भुक्तानी प्रक्रियामा सरलता कायम गरेर कर्णालीका नागरिकलाई छिटोछरितो सेवा प्रदान गर्न आग्रह गर्नुभयो ।

कर्णाली प्रदेश सरकारले प्राकृतिक विपद्बाट हुने जनधनको क्षतिलाई सम्बोधन गर्न सामूहिक दुर्घटना बिमा कार्यक्रमलाई लागू गरेको मुख्यमन्त्री कँडेलले जानकारी दिनुभयो । प्रदेश सरकारको मन्त्रिपरिषद्बाट स्वीकृत ‘विपद् जोखिमविरुद्ध सामूहिक दुर्घटना बिमा कार्यक्रम सञ्चालन कार्यविधि, २०८१’ अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र राष्ट्रिय बिमा कम्पनी लिमिटेडबीच एक वर्षका लागि बिमा सम्झौता भएर कामको सुरुआत गरिएको उहाँले बताउनुभयो ।

प्राकृतिक विपद्बाट हुने क्षतिको बिमा सम्झौता ३० वैशाख २०८३ बाट लागू हुनेगरी एक वर्ष अवधिका लागि सम्झौता नवीकरण गरिएको मुख्यमन्त्री कँडेलले जानकारी दिनुभयो । बीमालेखमा कर्णाली प्रदेशका १६ लाख ८८ हजार ४१२ जना नागरिक समेटिएको उहाँले बताउनुभयो ।

प्रतिव्यक्ति बीमाङ्क रु दुई लाख कायम गरिएको छ। कुल बीमाशुल्क रु एक करोड ५७ लाख ५२ हजार ९०४ रहेको र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले भुक्तानी उक्त रकम भुक्तानी गर्ने उहाँले जानकारी दिनुभयो ।

सम्झौताअनुसार प्राकृतिक विपद्का कारण मृत्यु भएका व्यक्तिका परिवारले बिमा दाबी गर्न पाउनेछन् । बिमा दाबीका लागि घटना भएको ३५ दिनभित्र निवेदन दिनुपर्ने व्यवस्था गरिएको छ । तोकिएको अवधिभित्र दाबी गर्न नसकिएमा ढिलाइ हुनुको कारण खुलाएर सम्बन्धित कार्यालय, जिल्ला प्रशासन कार्यालय वा स्थानीय तहको सिफारिससहित १८० दिनभित्र दाबी गर्न सकिने प्रावधान राखिएको छ ।

बिमा सुविधा पाउन कर्णाली प्रदेशका स्थायी बासिन्दा हुनुपर्नेछ ।रासस

# नेपाल-थाइल्यान्ड सम्बन्ध सुदृढ बनाउन द्विपक्षीय सहकार्य विस्तारमा जोड

काठमाण्डु । थाइल्यान्डका लागि नेपालका राजदूत धनबहादुर ओलीले त्यहाँको परराष्ट्र मन्त्रालयअन्तर्गत दक्षिण एशिया, मध्यपूर्व तथा अफ्रिका मामिला विभागकी महानिर्देशक उरासा मोङकोलनाभिन सँग बिहीबार भेटवार्ता गर्नुभएको छ ।

त्यस अवसरमा उहाँहरूले नेपाल र थाइल्यान्डबीचको घनिष्ठ तथा मैत्रीपूर्ण सम्बन्धप्रति दुवै पक्षले सन्तोष व्यक्त गर्दै व्यापार, लगानी, पर्यटन, संस्कृति, कृषि र शिक्षालगायत आपसी हितका क्षेत्रमा द्विपक्षीय सहकार्यलाई थप सुदृढ बनाउने विषयमा छलफल गर्नुभएको ब्याङ्कस्थित नेपालको राजदूतवासले जनाएको छ ।



साथै उहाँहरूले गत वर्ष नेपाल र थाइल्यान्डबीच सम्पन्न आठवटा समझदारीको कार्यान्वयन अवस्थाबारे समीक्षा गर्दै ती सहमतिहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न दुवै पक्षले जोड दिनुभएको थियो। कृषि सहयोग तथा फौजदारी मामिलामा पारस्परिक कानुनी सहयोगसम्बन्धी प्रस्तावित द्विपक्षीय सम्झौता शीघ्र निष्कर्षमा पुर्‍याउने विषयमा समेत छलफल भएको थियो ।

दुवै पक्षले नेपाल-थाइल्यान्ड संयुक्त परामर्श संयन्त्रको आगामी बैठक पारस्परिक अनुकूल समयमा यथाशीघ्र नेपालमा आयोजना गर्ने सम्बन्धमा पनि विचार आदानप्रदान गरेका थिए ।

नेपाल र थाइल्यान्डबीचको व्यापारिक परिपूरकतामा वृद्धि गर्दै नेपाली तथा थाइ उत्पादनबीच मूल्य शृंखला सुदृढ गर्ने तथा हिमाली र समुद्री स्रोतमा आधारित वस्तु तथा सेवाको एकीकरणमार्फत थप मूल्य अभिवृद्धि गर्ने विषयमा पनि जोड दिइएको थियो। दुवै पक्षले पारस्परिक आधारमा ‘भिसा’ प्रक्रियालाई सहज बनाउने, पर्यटन सेवामा सुधार गर्ने तथा मानव बेचबिखन, सम्पत्ति शुद्धीकरण र साइबर अपराध नियन्त्रणका लागि सूचना तथा गुप्तचर आदानप्रदानमा सहकार्य सुदृढ गर्ने सहमति व्यक्त गरेका थिए ।

यसैगरी, क्षेत्रीय तथा बहुपक्षीय मञ्चहरूमा सहकार्य अभिवृद्धि गर्ने तथा अन्तर्राष्ट्रिय मञ्चमा एकअर्काको उम्मेदवारीलाई पारस्परिक समर्थन गर्ने प्रतिबद्धता दुवै पक्षले व्यक्त गरेका उक्त दूतावासले जारी गरेको विज्ञप्तिमा जनाइएको छ । रासस

# लुम्बिनी मन्त्रिपरिषद् बैठकः मन्त्रालय संख्या आठ कायम गर्ने तयारी

लुम्बिनी । लुम्बिनी प्रदेश सरकारले आगामी साउन १ गतेदेखि प्रदेश मन्त्रालय आठ कायम गर्नेगरी तयारी अघि बढाएको छ । प्रदेश सरकारको आज बसेको मन्त्रिपरिषद् बैठकले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समितिलाई यथाशीघ्र मन्त्रालयको सङ्गठन संरचना पुनरावलोकन गरी प्रतिवेदन पेस गर्न जिम्मेवारी दिएको सरकारका प्रवक्ता तथा कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री दिनेश पन्थीले जानकारी दिनुभयो ।

लुम्बिनीमा हाल १२ वटा मन्त्रालय छन् । प्रमुख सचिव कृष्णप्रसाद काप्रीको संयोजकत्वमा यसअघि गठन भएको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समितिलाई प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ मा आवश्यक संशोधनको मस्यौदासहित प्रतिवेदन पेस गर्न निर्देशन दिइएको छ ।

बैठकले उद्योग, पर्यटन तथा यातायात मन्त्रालयले सवारीसाधन नवीकरण तथा पटके सेवा सञ्चालनसम्बन्धी प्रस्ताव स्वीकृत गरेको छ । अब आगामी आर्थिक वर्षदेखि यातायात व्यवस्था कार्यालय नभएका जिल्लाका हकमा सवारी दर्ता किताब नवीकरण (बिलबुक) एवं अस्थायी बाटो इजाजत सेवा प्रदान गर्ने निर्णय गरिएको छ। गुल्मी, अर्घाखाँची, प्यूठान, रोल्पा, रुकुमपूर्व र बर्दियाको हकमा घरेलु तथा साना उद्योग कार्यालयबाट गर्ने, साथै दाङ जिल्लाको हकमा घरेलु तथा साना उद्योग कार्यालयबाट समेत सञ्चालन गर्ने निर्णय गरिएको हो ।

बैठकले प्रदेश सचिवको पदमा नारायणप्रसाल अर्याललाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सुशीला अर्याललाई आन्तरिक मामिला तथा कानुन मन्त्रालयको सचिवको जिम्मेवारी तोकिएको प्रवक्ता पन्थीले जानकारी दिनुभयो ।

बैठकले अध्ययन पूर्वस्वीकृति तथा अध्ययन बिदा स्वीकृतिसम्बन्धी कार्यविधि, २०८३, आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी नियमावलीलाई प्रशासन तथा विधेयक समितिमा पठाउने निर्णय गरेको छ ।

बैठकले वन तथा वातावरण मन्त्रालयले धार्मिक वन हस्तान्तरणका लागि नेपाल सरकारलाई सिफारिस गर्ने तथा निजी वनमा भएका रूखको कटान, उपयोग, ओसारपसार, बिक्रीवितरण तथा अनुगमनसम्बन्धी कार्यविधि, २०८३ लाई सम्बन्धित समितिमा पठाउने निर्णय गरिएको छ। रासस

# इरानको १४ बुदे शान्ति प्रस्ताव अमेरिकाद्वारा अस्वीकार : रिपोर्ट

रासस/एएफपी। संयुक्त राज्य अमेरिकाले युद्ध अन्त्य गर्ने इरानको १४ बुदे शान्ति प्रस्तावलाई अस्वीकार गरेको इरानी दैनिक अखबार तेहरान टाइम्सले शुक्रबार रिपोर्ट गरेको छ।

इरानले दुई चरणको वार्ता प्रक्रियाको प्रस्तावसहित उक्त प्रस्ताव पेस गरेका तेहरान टाइम्सले जनाएको छ।





प्रस्ताव अनुसार पहिलो चरणको लक्ष्य युद्धको अन्त्य गर्नु हो भने इरानका सर्तहरू पूरा भए पछि आणविक मुद्दा सम्बन्धी दोस्रो चरणको वार्ता सुरु हुनेछ।

यस महिनाको सुरुमा, इरानले संयुक्त राज्य अमेरिकामा १४-बुदे प्रस्ताव पेश गर्दै शत्रुता अन्त्य र आफ्नो क्षेत्र बाट अमेरिकी सेना को पूर्ण निकासीको आह्वान गरेको थियो।

यो प्रस्ताव अमेरिकी प्रस्तावको जवाफमा पाकिस्तानी मध्यस्थता मार्फत प्रदान गरिएको थियो।

यस अघि वासिङ्टनको योजनाले दुई महिनाको युद्धविरामको आह्वान गर्दा, तेहरानल युद्धविरामको सट्टा "युद्धको अन्त्य" मा केन्द्रित हुदै ३० दिनको समयसीमा अनुरोध गरेको थियो।

# मध्यपूर्व द्वन्द्व समाधानका लागि चीनको सहयोग स्वागत गरिने : इरानी विदेशमन्त्री



रासस/एएफपी । इरानका विदेशमन्त्री अब्बास अराघचीले शुक्रबार मध्यपूर्वमा द्वन्द्व समाधान गर्न चीनलगायत कुनै पनि सहयोगका लागि आफू तयार रहेको बताउनुभएको छ।

"हामी सहयोग गर्ने हैसियत भएका कुनै पनि देशको सहयोगलाई स्वागत गर्छौं," विशेष गरी चीनले मध्यपूर्व युद्धमा मध्यस्थता गर्न चाहेमा के यो इरानका लागि स्वीकार्य छ भनी सोधिएको प्रश्नमा ब्रिक्स समूहका राष्ट्रहरूको बैठकका अवसरमा नयाँदिल्लीमा पत्रकारहरूसँगको संवादमा उहाँले भन्नुभयो।

वार्ता जारी राख्न अमेरिका इच्छुक रहेको सन्देश वासिङ्टनबाट प्राप्त भएको पनि विदेशमन्त्री अराघचीले बताउनुभएको छ।

उहाँले भन्नुभयो, "हामीले उनीहरू वार्तालाई निरन्तरता दिन इच्छुक छन् भन्ने सन्देश अमेरिकी अधिकारीहरूबाट फेरि प्राप्त गरेका छौँ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सी जिनपिङले 'स्ट्रेट अफ हर्मुज' पुनः खोल्न चीनले सहयोग गर्ने प्रस्ताव गरेको र चिनियाँ नेताले अमेरिका र इजरायलविरुद्धको युद्धमा इरानलाई सहयोग गर्न सैन्य उपकरण नपठाउने प्रतिबद्धता व्यक्त गरेको बताएको एक दिनपछि अराघचीले उक्त कुरा बताउनुभएको हो।

उहाँले अगाडि भन्नुभयो, "चीनसँग हाम्रो धेरै राम्रो सम्बन्ध छ, हामी एक अर्काका रणनीतिक साझेदार हौँ र हामीलाई थाहा छ कि चिनियाँहरूको मनसाय राम्रो छ, त्यसैले उनीहरूले कूटनीतिमा सहयोग पुर्याउन सक्ने कुनै पनि कुरालाई इस्लामिक गणतन्त्रले स्वागत गर्नेछ।

इरान र अमेरिकाबीचको तनाव कम गर्न अहिलेसम्म पाकिस्तान मध्यस्थकर्ता रहँदै आएको छ।

उहाँले भन्नुभयो, "पाकिस्तानको मध्यस्थता प्रक्रिया अझै असफल भएको छैन, तर मुख्यतः अमेरिकीहरूको व्यवहार र हामीबीच रहेको अविश्वासको कारण यो धेरै कठिन मार्गमा छ।"

# रियल म्याड्रिडको जित




**टुडे समाचारदाता**

एजेन्सी। रियल म्याड्रिडले ला लिगामा रियल ओभिएदेलाई २-० ले पराजित गरेको छ।

ला लिगाको उपाधि बार्सिलोनाले जितिसकेपछिको अवस्थामा घरेलु मैदान सान्तियागो बेर्नाबिउमा रियलले दुबै हाफमा गोल गरेको थियो।

खेलको सुरुआतमा रियलले केही अवसर बनाए पनि गोल गर्न सकेन। फ्राङ्को मास्तान्तुओनो र ब्राहिम डियाजको प्रहारलाई ओभिएदोका गोलरक्षक आरोन एसकान्डेल ले उत्कृष्ट बचाउ गर्दै रोकेको थियो।

पहिलो हाफको अन्तिमतिर भने रियलले अग्रता लिएको थियो। गोन्जालो गार्सियाले बक्स बाहिरबाट गरेको लो सट गोलमा परिणत हुँदा रियल १-० ले अघि बढेको थियो। दोस्रो हाफमा पनि रियलले खेल नियन्त्रणमा राख्यो। खेलको ८० औँ मिनेटमा किलियन एम्बाप्पेको पासमा जुड बेलिङ्गमले गोल गर्दै टोलीको अग्रता दोब्बर बनाएको थियो।

यस जितसँगै रियलले पछिल्लो हारपछि पुनः जितको लय समातेको छ। ला लिगामा अब २ चरणका खेल बाँकी छन्।

# एन्फाको निलम्बन फुकुवा

**टुडे समाचारदाता**




काठमाण्डु । अखिल नेपाल फुटबल संघ (एन्फा)माथि लगाएको निलम्बन राष्ट्रिय खेलकुद परिषद (राखेप)ले फुकुवा गरेको छ।

तहगत निर्वाचनसहित विधान संशोधन गर्न दिएको निर्देशनलाई अवज्ञा गरेपछि राखेपले गत वर्ष चैत ११ राखेपले एन्फालाई ३ महिनाको निलम्बन गरेको थियो।

त्यसपछि फिफा र एएफसीले पटक पटक पत्र पठाउँदै पहिला एन्फा माथि प्रतिबन्ध हटाउन आग्रह गरेको छ।

शिक्षा तथा खेलकुद मन्त्री सस्मित पाखरेल, राखेपका सदस्यसचिव रामचरित्र मेहता, मन्त्रीका प्रमुख खेलकुद सल्लाहकार सिद्धि व्यञ्जनकार, एन्फा महाचिव किरण राई, कोषाध्यक्ष रवीन्द्र जोशी र प्रवक्ता सुरेश शाहबीच बसेको बैठकको सहमति अनुसार निसर्त निलम्बन फुकुवा गरिएको गरिएको एन्फा प्रवक्ताले जानकारी दिए।

उनले भने, 'हामीले सबै वस्तुस्थितिलाई बुझायौ। फुटबलको राष्ट्रिय अन्तर्राष्ट्रिय परिस्थिति सबैका छलफल भएपछि बिना शर्त फुकुवा गर्ने निर्णय भयो,' शाहले भने, 'कुनै शर्त छैन। राखेप र एन्फाले आपसी सल्लाहमा अघि बढ्ने छ।'

# इन्डोनेसियामा पहिरो जाँदा नौ जनाको मृत्यु

रासस/एएफपी। इन्डोनेसियाको सुमात्रा टापुमा सञ्चालित एक सुन खानी नजिकै गएको पहिरोमा परी नौ जनको मृत्यु भएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार मृतकहरुको शव खोजीकर्ताहरूले बरामद गरी सकेको छ।

पश्चिम सुमात्राका प्रहरी प्रवक्ता सुस्मेलावती रोसियाले इन्डोनेसिकाको सिजुन्जुङ जिल्लामा बिहीबार सुन खानी नजिकैको चट्टान ढलेर पहिरो जाँदा तीन मिटर टाढा काम गरी रहेका खानी मजदुरहरूको समूहलाई पुरेको बताउनु भएको छ। प्रहरीका अनुसार



यो स्थान एउटा अवैध सुनको खानी हो। पहिरो जाँदा अन्य तीन जना खानी मजदुरहरु भाग्न सफल भएको पनि उहाँले बताउनुभएको छ। प्रहरी तथा स्वयंसेवकहरूको समुहले पीडितहरूको खोजी गर्न भारी उपकरणहरू प्रयोग गरेर उद्धार अभियान निरन्तर जारी राखेको जनाएको छ। खनिजले धनी दक्षिणपूर्वी एसियाली मुलुक इन्डोनेसियामा इजाजतपत्र नभएका खानीहरू सञ्चालन हुने गरेको जनाइएको छ। ती खानीहरुमा स्थानीयहरू आकर्षित हुने गरेको र उचित सुरक्षा उपकरणहरू प्रयोग नगरी सुनको खोजीमा तल्लिन रहने गरेको जनाइएको छ।

इन्डोनेसियामा विशेष गरी मनसुनी मौसममा कारण खानी जन्य दुर्घटनाहरू हुने गरेको जनाइएको छ, भने आगमी दिनमा अनुसन्धान गरी यस्ता खानीहरु बन्द गर्नको लागि प्रहरी परिचालन गरि सकेको सुस्मेलावतीले बताउनुभएको छ। उहाँका अनुसार सबै मृतकहरूको पहिचान गरि सकिएको छ।

स्थानीय वातावरणीय समूह वाल्हीले सन् २०१२ देखि पश्चिम सुमात्रामा मात्रै अवैध सुन खानीमा भएका दुर्घटनाका कारण कम्तीमा ४८ जनाको मृत्यु भएको रेकर्ड गरेको छ।

"सिजुन्जुङ रिजन्सीको अवैध सुनको खानीमा भएको घटनाले वातावरण विरोधि कार्य र अवैध खनन अभ्यासहरूबाट आफ्ना नागरिकहरूलाई जोगाउन राज्य असफल भएको उक्त समूहले जनाएको छ।

# रुस–युक्रेनबीच युद्धबन्दी साटासाट

रासस/एएफपी। रुस र युक्रेनले शुक्रबार २०५-२०५ जना युद्धबन्दी आदानप्रदान गरेका छन्। लामो समयदेखि जारी युद्धबीच कैदी साटासाटलाई दुवै पक्षबीच बाँकी रहेका सीमित मानवीय सहकार्यहरूमध्ये एक मानिएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले एक साताअघि ठूलो स्तरको युद्धबन्दी आदानप्रदानको घोषणा गरेपछि भएको यो पहिलो चरणको विनिमय हो।

रूसी रक्षा मन्त्रालयले सामाजिक सञ्जालमार्फत जारी गरेको वक्तव्यमा २०५ जना रूसी सैनिकहरू युक्रेनको नियन्त्रणमा रहेको क्षेत्रबाट फर्काइएको जनाएको छ। त्यसको बदलामा २०५ जना युक्रेनी युद्धबन्दीलाई आक्रमणको प्रारम्भिक चरणमा केही समय रुसी नियन्त्रणमा गएको चेर्नोबिल क्षेत्रको रक्षा गरेका सैनिकहरू पनि आदानप्रदानमा समावेश रहेको बताइएको छ।

गत साता अमेरिकी राष्ट्रपति ट्रम्पले रुस र युक्रेनबीच ठूलो सङ्ख्यामा युद्धबन्दी आदानप्रदानको सहमति बनेको घोषणा गर्नुभएको थियो। त्यतिबेला उहाँले रुसको मे ९ विजय दिवस परेडसँग जोडिएको तीन दिने युद्धविरामका लागि अमेरिकी मध्यस्थताको पनि उल्लेख गर्नुभएको थियो।

तर दुवै पक्षले युद्धविराम उल्लङ्घन गरेको आरोप एकअर्कामाथि लगाइरहेका छन्। युक्रेनले युद्धविरामको अवधि समाप्त भएपछि रुसले पुनः नागरिक



रुसले हस्तान्तरण गरेको मन्त्रालयले उल्लेख गरेको छ।

युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले पनि युद्धबन्दी फिर्ता भएको पुष्टि गर्दै अधिकांश युक्रेनी सैनिक सन् २०२२ देखि रुसी नियन्त्रणमा रहेको बताउनुभयो। उहाँले यो आदानप्रदान 'एक हजार-एक हजार' कैदी साटासाट योजनाको पहिलो चरण भएको जानकारी दिनुभयो।

जेलेन्स्कीले सामाजिक सञ्जाल टेलिग्राममा सार्वजनिक गरेका तस्वीरहरूमा रिहा भएका युक्रेनी सैनिकहरू राष्ट्रिय नीलो-पहेँलो झण्डा ओढेर मुस्कुराउँदै एकअर्कालाई अँगालो हालेको देखिन्छ।

उहाँका अनुसार फिर्ता भएका सैनिकहरूमा मारिउपोलस्थित एजोभस्टाल स्टिल कारखानाको भीषण युद्धमा सहभागी लडाकूहरू पनि छन्। त्यस्तै सन् २०२२ को क्षेत्रमाथि आक्रमण गरेको दाबी गरेको छ। बिहीबार किएभमा भएको हवाई आक्रमणमा कम्तीमा २४ जनाको मृत्यु भएको युक्रेनी अधिकारीहरूले बताएका छन्।

फेब्रुअरी २०२२ मा रुसले युक्रेनमाथि सैन्य आक्रमण सुरु गरेपछि दुई देशबीचको सम्बन्ध अत्यन्त तनावपूर्ण बनेको छ। युद्ध जारी रहे पनि युद्धबन्दी आदानप्रदान भने दुवै पक्षबीच कायम रहेको दुर्लभ सहकार्यको माध्यम बनेको छ।

रूसी रक्षा मन्त्रालयका अनुसार फिर्ता गरिएका रूसी सैनिकहरूलाई सहयोगी राष्ट्र बेलारुस लगिएको छ, जहाँ उनीहरूलाई मनोवैज्ञानिक तथा स्वास्थ्य उपचार उपलब्ध गराइँदैछ।

मन्त्रालयले संयुक्त अरब इमिरेट्सले युद्धबन्दी फिर्ता प्रक्रियामा मानवीय सहयोग उपलब्ध गराएको पनि जनाएको छ।

# कङ्गोमा फेरि फैलियो इबोला

रासस/एएफपी । कङ्गोको दुर्गम इटुरी प्रान्तमा नयाँ इबोला प्रकोप पुष्टि भएपछि अफ्रिकी स्वास्थ्य अधिकारीहरू उच्च सतर्कतामा पुगेका छन्। अफ्रिका सीडीसीका अनुसार हालसम्म २४६ वटा संदिग्ध सङ्क्रमण देखिएको छ भने कम्तीमा ६५ जनाको मृत्यु भइसकेको छ। सीमित स्वास्थ्य पहुँच, असुरक्षा र सीमापार आवागमनका कारण रोग अझ फैलिन सक्ने जोखिम बढेको भन्दै क्षेत्रीय समन्वय तीव्र पारिएको छ।

अफ्रिका सेन्टर्स फर डिजिज कन्ट्रोल एन्ड प्रिभेन्सन (अफ्रिका सीडीसी) ले शुक्रबार जारी गरेको वक्तव्यमा अधिकांश मृत्यु तथा संदिग्ध सङ्क्रमण मोङ्ग्वालु र रुवाम्पारा स्वास्थ्य क्षेत्रमा फेला परेको जनाएको छ।

इबोला अत्यधिक सङ्क्रामक भाइरस हो। यो बान्ता, रगत, वीर्य वा अन्य शारीरिक तरल पदार्थमार्फत सर्न सक्छ। यसले गम्भीर र प्रायः ज्यानै जाने प्रकृतिको रोग निम्त्याउने भएकाले स्वास्थ्य अधिकारीहरूले यसलाई अत्यन्त संवेदनशील प्रकोपका रूपमा लिएका छन्।

एजेन्सीका अनुसार प्रयोगशालाबाट पुष्टि भएका बिरामीमध्ये चार जनाको मृत्यु भइसकेको छ। साथै इटुरी प्रान्तको राजधानी बुनियामा पनि केही संदिग्ध सङ्क्रमण देखिएको बताइएको छ, यद्यपि ती अझै पुष्टि हुन बाँकी छन्।




प्रारम्भिक परीक्षणका क्रममा जाँच गरिएका २० नमूनामध्ये १३ वटामा इबोला भाइरस पुष्टि भएको अफ्रिका सीडीसीले जनाएको छ।

यो प्रकोप कङ्गोमा अघिल्लो इबोला महामारी अन्त्य भएको घोषणा गरिएको करिब पाँच महिनापछि देखिएको हो। त्यसअघिको प्रकोपमा ४३ जनाको मृत्यु भएको थियो।

इटुरी प्रान्त कङ्गोको पूर्वी दुर्गम क्षेत्रमा पर्छ, जहाँ सडक सञ्जाल कमजोर छ र राजधानी किन्शासाबाट एक हजार किलोमिटरभन्दा बढी दूरीमा रहेको छ। यातायात र स्वास्थ्य पूर्वाधार कमजोर भएकाले त्यहाँ रोग नियन्त्रण थप कठिन बन्ने चिन्ता व्यक्त गरिएको छ।

अफ्रिका सीडीसीले तीव्र जनसङ्ख्या आवागमन, मोङ्ग्वालु क्षेत्रमा हुने खानी गतिविधि, असुरक्षा अवस्था, सम्पर्कमा आएका व्यक्तिको पूर्ण सूची तयार गर्न नसकिएको अवस्था तथा नियन्त्रणसम्बन्धी चुनौतीहरूले रोग थप फैलिन सक्ने जोखिम बढाएको जनाएको छ।

युगान्डा र दक्षिण सुडानसँग प्रभावित क्षेत्रको भौगोलिक निकटताले सीमापार सङ्क्रमणको खतरा पनि बढाएको स्वास्थ्य अधिकारीहरूको भनाइ छ।

यसै कारण अफ्रिका सीडीसीले शुक्रबार कङ्गो, युगान्डा र दक्षिण सुडानका स्वास्थ्य अधिकारीहरूसँग संयुक्त राष्ट्रसङ्घीय निकाय र अन्य अन्तर्राष्ट्रिय साझेदारहरूलाई समेटेर उच्चस्तरीय समन्वय बैठक बोलाएको छ।

एजेन्सीका अनुसार बैठकमा तत्काल प्रतिकार्य योजना, सीमापार समन्वय, निगरानी, प्रयोगशाला सहयोग, सङ्क्रमण रोकथाम, जोखिम सञ्चार, सुरक्षित र सम्मानजनक अन्त्येष्टि तथा आवश्यक स्रोत परिचालनका विषयमा विशेष ध्यान केन्द्रित गरिनेछ।

सन् १९७६ मा पहिलोपटक इबोला पुष्टि भएयता कङ्गोमा यो १७औँ प्रकोप हो। सन् २०१८ देखि २०२० सम्म पूर्वी कङ्गोमा फैलिएको इबोलाले एक हजारभन्दा बढी मानिसको ज्यान लिएको थियो।

त्यसभन्दा अघि सन् २०१४ देखि २०१६ सम्म पश्चिम अफ्रिकामा फैलिएको ठूलो इबोला महामारीमा ११ हजारभन्दा बढी मानिसको मृत्यु भएको थियो क।

नयाँ प्रकोपले पहिले नै हिंसा र अस्थिरतासँग जुधिरहेको कङ्गोका लागि थप चुनौती सिर्जना गरेको छ। देशको पूर्वी क्षेत्रमा एम-२३ विद्रोही समूहसहित विभिन्न सशस्त्र समूह सक्रिय छन्। एम-२३ ले गत वर्षदेखि तीव्र आक्रमण गर्दै केही महत्त्वपूर्ण सहर कब्जा गरेको थियो।

विशेषगरी इटुरी क्षेत्रमा इस्लामिक स्टेटसँग सम्बन्धित मानिने एलाइड डेमोक्रेटिक फोर्स समूहको हिंसात्मक गतिविधिले पनि स्थानीय अवस्था असुरक्षित बनाएको छ। यस समूहको आक्रमणमा पूर्वी कङ्गोका विभिन्न क्षेत्रमा दर्जनौँ मानिस मारिइसकेका छन्।

अफ्रिकाको दोस्रो ठूलो भूभाग भएको कङ्गोले स्वास्थ्य सङ्कटका बेला बारम्बार रसद र पहुँचसम्बन्धी समस्या झेल्दै आएको छ। गत वर्षको तीन महिने इबोला प्रकोपका क्रममा पनि विश्व स्वास्थ्य सङ्गठनले सीमित पहुँच र अपर्याप्त बजेटका कारण खोप वितरणमा गम्भीर कठिनाइ सामना गर्नुपरेको थियो।

# दिल्ली विस्फोटमा १० जनाविरुद्ध आरोप

रासस/एएफपी । भारतको राष्ट्रिय अनुसन्धान एजेन्सी (एनआइए) ले सन् २०२५ मा दिल्लीमा भएको घातक कार बम विस्फोट प्रकरणमा १० जनाविरुद्ध औपचारिक आरोप दायर गरेको छ। ऐतिहासिक लाल किल्ला नजिकै भएको उक्त विस्फोटमा कम्तीमा ११ जनाको मृत्यु भएको थियो। अनुसन्धान एजेन्सीले अभियुक्तहरूलाई अल-कायदा प्रेरित समूहसँग सम्बन्धित रहेको दाबी गरेको छ।

गत वर्ष नोभेम्बर १० मा दिल्लीको पुरानो क्षेत्रमा अत्यधिक भीडभाड हुने मेट्रो स्टेसन नजिक विस्फोट भएको थियो। राजधानीको संवेदनशील तथा पर्यटकीय क्षेत्रमै भएको विस्फोटले देशभर सुरक्षा चिन्ता बढाएको थियो।

एनआईएका अनुसार घटनामा संलग्न भनिएका १० जनामध्ये एक जना कथित कार चालक मेडिकल डाक्टर उमर उन नबी पनि रहेका छन्, जो विस्फोटमै मारिएका थिए। जलेको अवस्थामा फेला परेको शवलाई डीएनए परीक्षणमार्फत पहिचान गरिएको अनुसन्धानकर्ताहरूले बताएका छन्।

अधिकारीहरूका अनुसार नबीको मृत्यु भइसकेकाले उनीविरुद्धको मुद्दा स्वतः खारेज हुनेछ। बाँकी नौ जना भने अहिले हिरासतमा रहेका छन्।

एनआईएले चार भारतीय राज्य तथा भारत प्रशासित काश्मीर क्षेत्रमा महिनौँसम्म अनुसन्धान गरेपछि बिहीबार नयाँदिल्लीस्थित अदालतमा सात हजार ५०० पृष्ठभन्दा लामो आरोपपत्र दर्ता गरेको हो।

एजेन्सीले जारी गरेको वक्तव्यमा मुख्य अभियुक्त डा. उमर उन नबीसहित सबै १० जना 'अन्सार गजवत-उल-हिन्द' नामक समूहसँग आबद्ध रहेको दाबी गरिएको छ। उक्त समूहलाई भारतीय उपमहाद्वीपमा सक्रिय अल-कायदाको शाखा 'अल-कायदा इन द इन्डियन सबकन्टिनेन्ट' (एक्युआइएस) सँग जोडिएको बताइएको छ।




विस्फोटमा मृत्यु हुनेको सङ्ख्याबारे सुरुआती चरणमा केही अन्योल देखिएको थियो। अस्पताल स्रोतहरूले १२ जनाको मृत्यु भएको बताएका थिए भने आधिकारिक रूपमा ११ जनाको मृत्यु पुष्टि गरिएको छ। एनआईएका अनुसार अभियुक्तहरू अवैध रूपमा प्रतिबन्धित हतियार खरिदमा समेत संलग्न थिए। उनीहरूले एसल्ट राइफलजस्ता हतियारहरू सङ्कलन गरेको र सुरक्षा निकायलाई लक्षित गरी रकेट तथा ड्रोनमार्फत इम्प्रोभाइज्ड एक्सप्लोसिभ डिभाइस (आइइडी) प्रयोग गर्ने योजना बनाएको आरोप लगाइएको छ।

अनुसन्धानमा संलग्न अधिकारीहरूले आरोपितमध्ये केही 'कट्टरपन्थी सोचबाट प्रभावित चिकित्सा व्यवसायी' रहेको बताएका छन्। आरोपपत्रअनुसार कम्तीमा पाँच जना डाक्टर रहेका छन्, जसमा धेरैजसो काश्मीर क्षेत्रका हुन्।

काश्मीर क्षेत्र सन् १९४७ मा ब्रिटिस शासनबाट भारत स्वतन्त्र भएपछि भारत र पाकिस्तानबीच विभाजित रहँदै आएको छ।

# यस्तो छ अर्थमन्त्रीले सदनमा प्रस्तुत गर्नुभएको आगामी आवको बजेटको प्राथमिकताको पूर्ण पाठ

काठमाण्डु । आगामी आर्थिक वर्षको बजेटमा सूचना प्रविधिको अत्यधिक उपयोग गर्दै आर्थिक विकासको नयाँ आधार तयार पार्ने सरकारको योजना रहेको छ । अर्थमन्त्री डा स्वर्णिम वाग्लेले बिहीबार सङ्घीय संसद्का दुवै सदनको छुट्टाछुट्टै बैठकमा आगामी आर्थिक वर्षको विनियोजन विधेयकका प्राथमिकता प्रस्तुत गर्नुभयो ।

सेवा प्रवाहका लागि कानुनी संस्थागत सुधार र सूचना प्रविधिको समुपयोग गर्ने बजेटको प्राथमिकता रहनेछ । अर्थमन्त्री डा वाग्लेले प्रस्तुत गर्नुभएको आगामी आवको बजेटको प्राथमिकता यसप्रकार छ ।

सेवा प्रवाहका लागि कानुनी संस्थागत सुधार र सूचना प्रविधिको समुपयोग

सहकार्यात्मक सङ्घीय शासन प्रणालीमार्फत सबल राज्य संरचना निर्माण गर्नु बजेटको प्राथमिकता हुनेछ । सङ्घलाई नीति निर्माण, अनुसन्धान, राष्ट्रिय मापदण्ड निर्धारण तथा रूपान्तरणकारी आयोजनामा केन्द्रित गर्नेछौँ भने प्रदेश तहलाई समन्वय, प्रादेशिक योजना र सेवा सहजीकरणको गतिशील पुलका रूपमा पुनःसंरचना गर्नेछौँ । स्थानीय तहलाई राज्यको कार्यान्वयन इकाइका रूपमा सुदृढ गर्न पर्याप्त वित्तीय स्रोत र संस्थागत क्षमता सुनिश्चित गर्नेछौँ । विशेषगरी शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन तथा आधारभूत सेवा प्रवाहलाई स्थानीय सम्भावनासँग जोड्नेछौँ ।

लगानी, वित्तीय क्षेत्र र सार्वजनिक सेवा प्रवाहसँग सम्बन्धित कानुनहरूको पुनरावलोकन गर्दै 'एकद्वार, समयबद्ध र डिजिटल' प्रशासनिक प्रणाली लागू गर्नेछौँ । नियामक र कार्यान्वयन निकायबीच स्पष्ट कार्यविभाजन गरी द्वैध भूमिका अन्त्य गर्नेछौँ । व्यवसाय दर्तादेखि अनुमति, कर प्रशासन, भुक्तानी र नियमनसम्मका प्रक्रियालाई डिजिटल प्रणालीमा आबद्ध गर्नेछौँ ।

ठूला परियोजनाहरूको कार्यान्वयनमा देखिएका कानुनी, प्रक्रियागत र संस्थागत अवरोध हटाउनु सरकारको प्राथमिकता हो । आयोजना प्रमुखसँग कार्यसम्पादन सम्झौता गर्दै निश्चित कार्यकाल, स्पष्ट जिम्मेवारी र परिणाममा आधारित मूल्याङ्कन प्रणाली लागू गर्नेछौँ । वन, वातावरण, जग्गा प्राप्ति, सार्वजनिक खरिद तथा निर्माण सामग्रीसम्बन्धी प्रक्रियालाई सरलीकृत गर्दै रणनीतिक आयोजनाहरूलाई 'मिसन मोड'मा कार्यान्वयन गर्नेछौँ ।

स्वार्थको द्वन्द्व, कार्टेलिङ तथा एकाधिकार प्रवृत्तिविरुद्ध कडा नियामकीय व्यवस्था लागू गर्नेछौँ । सार्वजनिक खरिद, राजस्व प्रशासन, सेवा प्रवाह र नीतिगत निर्णय प्रक्रियामा निगरानी तथा जोखिम-आधारित अडिट प्रणाली कार्यान्वयन गर्नेछौँ । सार्वजनिक पदमा रहेका व्यक्तिहरूको सम्पत्ति विवरण र खर्च प्रणालीलाई पारदर्शी बनाई राज्यप्रति नागरिकको विश्वास पुनःस्थापित गर्नेछौँ ।

'थोरैले धेरै सेवा' दिने आधुनिक प्रशासन निर्माण गर्दै सार्वजनिक सेवा प्राप्त गर्न लाइन, झन्झट र अनावश्यक मध्यस्थता भोग्नुपर्ने अवस्थाको अन्त्य गर्नु सरकारको प्राथमिकता हो । निजामती तथा सार्वजनिक प्रशासनलाई पेशागत, तटस्थ, सक्षम, उत्प्रेरित र परिणाममुखी बनाउनेछौँ । अति आवश्यक सार्वजनिक सेवाहरू सातै दिन उपलब्ध गराउने 'एकल सेवा केन्द्र' विस्तार गर्नेछौँ ।

तथ्याङ्क, प्रविधि र कृत्रिम बुद्धिमत्तामा आधारित सार्वजनिक प्रशासनको रूपान्तरण सरकारको प्राथमिकता हो । 'एकपटक विवरण-सबै सेवामा प्रयोग'को सिद्धान्तअनुसार राष्ट्रिय परिचयपत्रमा आधारित एकीकृत डाटाबेस र अन्तर-आबद्ध सरकारी प्रणाली विकास गर्नेछौँ । नागरिकता, व्यवसाय दर्ता, कर, स्वास्थ्य, शिक्षा, सामाजिक सुरक्षा, भूमि, बैंकिङ तथा अन्य सार्वजनिक सेवाहरूलाई 'नागरिक एप' र एकीकृत डिजिटल प्लेटफर्ममार्फत उपलब्ध गराउनेछौँ ।

### आर्थिक वृद्धिका क्षेत्रगत स्रोतहरूको पुनस्प्राथमिकीकरण

आगामी बजेटले सीमित सार्वजनिक स्रोत र निजी लगानीलाई उच्च प्रतिफल, रोजगारी र मूल्य अभिवृद्धि हुने क्षेत्रतर्फ पुनः प्राथमिकीकरण गर्ने नीति अवलम्बन गर्नेछ । आयातमूलक उपभोगमा आधारित अर्थतन्त्रलाई उत्पादन, उत्पादकत्व, नवप्रवर्तन र निर्यातमा आधारित प्रतिस्पर्धी अर्थतन्त्रमा रूपान्तरण गर्दै कृषि, उर्जा, पर्यटन, सूचना प्रविधि तथा सेवा क्षेत्रलाई आर्थिक वृद्धिका संवाहकका रूपमा विकास गर्नेछौँ । सिर्जना भई पूर्ण रूपमा उपयोग हुन नसकेका पुँजीगत सम्पत्ति तथा निजी क्षेत्रको उत्पादन क्षमताको अधिकतम उपयोग गर्नु सरकारको प्रमुख प्राथमिकता हुनेछ ।

कृषि उत्पादन, प्रशोधन, भण्डारण, वितरण, बजार र उपभोगबीचको अन्तरसम्बन्धलाई प्रणालीगत रूपमा सुदृढ गर्दै कृषि क्षेत्रको पुनःसंरचना सरकारको अर्को प्राथमिकता हो । कृषिलाई ग्रामीण समृद्धि, खाद्य सुरक्षा, रोजगारी सृजना र आयात प्रतिस्थापनको आधारका रूपमा अघि बढाउनेछौँ । साना किसानको संरक्षण गर्दै उत्पादनको स्केल निर्माण गर्ने ' व्यावसायिक कृषि मोडल' अवलम्बन गर्नेछौँ । सहकारी, उत्पादक कम्पनी, करार खेती र कृषि उद्यम समूहमार्फत किसानलाई बजार, प्रविधि, वित्त, बीमा, प्रशोधन र मूल्य सुनिश्चिततासँग आबद्ध गर्नेछौँ । सम्भावना भएका क्षेत्रमा ' उत्पादन क्लष्टर' विकास गरी सिँचाइ, सडक, चिस्यान केन्द्र, भण्डारण, परीक्षण प्रयोगशाला, बीउ-मल-यन्त्र सेवा र प्रशोधन उद्योगलाई एकीकृत प्याकेजका रूपमा विस्तार गर्नेछौँ ।

खाद्यान्न बालीमा न्यूनतम समर्थन मूल्य लागू गर्नेछौँ भने उच्च मूल्यका बाली, पशुपालन, जडीबुटी तथा कृषि-वन प्रणालीलाई निर्यातमुखी बनाउनेछौँ । अनुदान प्रणाली उत्पादनमुखी हुनेछ । किसान अभिलेख, बजार इन्टेलिजेन्स, कृषि बीमा र सहुलियत वित्त र यन्त्रीकरणमार्फत कृषिलाई प्रतिस्पर्धी, आधुनिक र हरित अर्थतन्त्रसँग आबद्ध गर्नेछौँ ।

वनमा आधारित उद्योग, जडीबुटी प्रशोधन, कार्बन व्यापार, जैविक विविधता संरक्षण तथा जलवायु अनुकूल उत्पादन प्रणालीको प्रवर्द्धन गर्नेछौँ ।

भौतिक पूर्वाधार विकासलाई आर्थिक रूपान्तरणको दरिलो आधार बनाउनेछौँ । ' लगानी एक्सप्रेस' नीतिमार्फत उद्योग, लगानी र पूर्वाधार परियोजनाको स्वीकृति तथा कार्यान्वयन प्रक्रियालाई सरल र समयबद्ध बनाउनेछौँ । खानी तथा खनिज क्षेत्रको विकास गर्दै स्वदेशी स्रोतसाधनको उत्पादक उपयोग अभिवृद्धि गर्नेछौँ । हरित हाइड्रोजन, ऊर्जा भण्डारण तथा स्वच्छ औद्योगिक प्रविधिमा निजी क्षेत्रको लगानी प्रोत्साहित गर्नेछौँ । सार्वजनिक लगानीलाई रूपान्तरणकारी आयोजनामा केन्द्रित गर्दै वैकल्पिक विकास वित्त, पूर्वाधार बन्ड, अफशोर हरित बन्ड, डायस्पोरा पुँजी र सार्वजनिक-निजी साझेदारीमार्फत दीर्घकालीन पुँजी परिचालन गर्नेछौँ । उपभोग हुन नसकेको संस्थागत वचत एवं कल्याणकारी कोषहरूका लागि समेत उत्पादन-केन्द्रित गैर-व्यापारिक लगानी क्षेत्र पहिचान गर्नेछौँ । वैदेशिक सहायता र ऋणलाई राष्ट्रिय प्राथमिकता तथा उच्च प्रतिफल दिने आयोजनामा केन्द्रित गर्नेछौँ । सार्वजनिक संस्थानहरूको पुनःसंरचना, सम्पत्ति मौद्रिकीकरण र प्रभावकारी व्यवस्थापनमार्फत वित्तीय अनुशासन तथा निजी क्षेत्रको आत्मविश्वास अभिवृद्धि गर्नेछौँ ।




पुँजी बजारमा अन्तरराष्ट्रिय मापदण्डअनुरूप संस्थागत लगानीकर्ता विस्तार, ऋण तथा बन्ड बजार विकास र नवीन वित्तीय उपकरणहरूको प्रवर्द्धनमार्फत दीर्घकालीन पुँजी निर्माण गर्नेछौँ ।

नेपाललाई 'तौलरहित उच्च मूल्य सृजना गर्ने अर्थतन्त्र' मा रूपान्तरण गर्ने उद्देश्यका साथ सफ्टवेयर, क्लाउड सेवा, डेटा सेन्टर, एआई कम्प्युटेसन, साइबर सुरक्षा तथा डिजिटल सेवाको निर्यात प्रवर्द्धन गर्नेछौँ । रिमोट वर्क, डिजिटल नोम्याड, अन्तरराष्ट्रिय पेमेन्ट प्रणाली र डिजिटल उद्यमलाई कानुनी मान्यता दिँदै नेपाललाई क्षेत्रीय 'टेक हब'का रूपमा विकास गर्नेछौँ । 'स्टार्टअप नेपाल' तथा राष्ट्रिय उद्यम एवं नवप्रवर्तन कार्यक्रमहरूलाई एकीकृत स्वरूप दिनेछौँ ।

सहरीकरण र प्रादेशिक सन्निकटतालाई आर्थिक वृद्धिका नयाँ ध्रुव (ग्रोथ पोल)का रूपमा विकास गर्नेछौँ । धार्मिक, सांस्कृतिक, आरोग्यमूलक, साहसिक तथा समुदायमा आधारित पर्यटनको गुणात्मक विस्तार गर्नेछौँ । आर्थिक करिडोरमार्फत ग्रामीण-सहरी आर्थिक अन्तरसम्बन्ध सुदृढ गर्नेछौँ ।

### भौतिक पूर्वाधारका लागि बहुपक्षीय पुजी परिचालन

लामो समयदेखि अधुरा रहेका रूपान्तरणकारी परियोजनाहरूलाई यथाशीघ्र सम्पन्न गर्नु सरकारको अर्को प्रमुख प्राथमिकता हो । सीमित स्रोतलाई नयाँ आयोजना थप्नेभन्दा अधुरा तथा उच्च प्रतिफलयुक्त आयोजनाको सम्पन्नतामा केन्द्रित गर्नेछौँ ।

निर्माणाधीन ऊर्जा उत्पादन, प्रसारण तथा वितरण आयोजनालाई तीव्रता दिँदै तयारी सम्पन्न भएका जलाशययुक्त आयोजनाहरूलाई अघि बढाउनेछौँ । ऊर्जा खपत वृद्धि, क्षेत्रीय ऊर्जा व्यापार विस्तार तथा ऊर्जा-आधारित उद्योग प्रवर्द्धन गर्नेछौँ । नवीकरणीय ऊर्जामा आधारित उद्योग विकासका लागि वित्तीय सहुलियत र लगानी सहजीकरण गर्नेछौँ । तराई-मधेसका सिँचाइ सेवा नपुगेका क्षेत्रमा भूमिगत जलस्रोतमा आधारित सिँचाइ विस्तार गर्नेछौँ । पहाडी तथा हिमाली क्षेत्रमा लिफ्ट सिँचाइ र परम्परागत सिँचाइ प्रणालीको पुनःस्थापन गर्नेछौँ । निर्माणाधीन ठूला सिँचाइ आयोजनाहरू यथाशीघ्र सम्पन्न गर्नेछौँ ।

राष्ट्रिय आर्थिक एकीकरण र बजार पहुँच विस्तारका लागि पुष्पलाल, हुलाकी, उत्तर-दक्षिण करिडोर तथा काठमाडौँ-तराई मधेस द्रुतमार्गलगायत रणनीतिक सडक आयोजनाका बाँकी खण्डको निर्माण सम्पन्न गर्नेछौँ । मुख्य राजमार्गबाट विभिन्न पालिका जोड्न निर्माण भइरहेका सडकहरू शीघ्र सक्नेगरी बजेट विनियोजन गर्नेछौँ । सुरुङमार्ग, फ्लाइओभर, अन्डरपास र ओभरपास निर्माणमा निजी लगानीसँग सहकार्य गर्नेछौँ । औद्योगिक तथा निर्यात प्रवर्द्धनलाई टेवा दिन आर्थिक करिडोर, ड्राइपोर्ट, वेयरहाउस, कोल्ड चेन र बहुआयामिक लजिस्टिक पूर्वाधार विकास गर्नेछौँ ।

सहरीकरणलाई आर्थिक वृद्धि, सेवा प्रवाह र जीवनस्तर सुधारसँग जोड्नेछौँ । काठमाडौँ उपत्यकासहित प्रमुख सहरहरूमा मास ट्रान्जिट प्रणालीलाई प्राथमिकता दिनेछौँ । एकीकृत फोहरमैला व्यवस्थापन, ढल प्रशोधन तथा पुनःप्रयोग प्रणाली विकास गरी चक्रीय सहरी अर्थतन्त्र प्रवर्द्धन गर्नेछौँ । मेलम्ची तथा अन्य राष्ट्रिय महत्वका खानेपानी आयोजनाको सुदृढीकरण गर्दै नियमित र सुरक्षित पानी आपूर्ति सुनिश्चित गर्नेछौँ ।

लुम्बिनी-बौद्ध, जनकपुर-रामायण, हिमाली तथा प्रकृतिमा आधारित पर्यटन सर्किट विकास गर्नेछौँ । नयाँ ट्रेकिङ मार्ग, होमस्टे, सांस्कृतिक गन्तव्य र सेवा केन्द्रहरूको विकासमार्फत स्थानीय अर्थतन्त्र चलायमान बनाउनेछौँ । विमानस्थलहरूको पूर्ण सञ्चालन, हवाई सुरक्षा मापदण्डको प्रभावकारी कार्यान्वयन तथा नेपाल वायु सेवा निगमको संस्थागत पुनःसंरचनामार्फत नेपाललाई सुरक्षित क्षेत्रीय पर्यटन हबका रूपमा विकास गर्नेछौँ ।

डिजिटल सार्वजनिक पूर्वाधारलाई आर्थिक प्रतिस्पर्धात्मकताको आधारका रूपमा विकास गर्नेछौँ । डेटा सेन्टर, जी-क्लाउड, उच्च गतिको इन्टरनेट, साइबर सुरक्षा तथा डिजिटल भुक्तानी पूर्वाधार विस्तार गर्नेछौँ ।

### अवसरको समानताका लागि सामाजिक लगानी

शिक्षा प्रणालीलाई राजनीतिक हस्तक्षेपमुक्त, प्रतिस्पर्धी र श्रम बजारसँग आबद्ध बनाउन आधारभूतदेखि उच्च तहसम्मै पुनःसंरचना गर्नेछौँ । शिक्षाको सबै तहमा केवल विस्तार नबढाई गुणस्तरीय सिकाइलाई प्रधान प्राथमिकता दिनेछौँ । देशको आर्थिक रूपान्तरणलाई सहयोग गर्ने दिशामा शिक्षा प्रणालीलाई अघि बढाउनेछौँ ।

विद्यालय शिक्षालाई सबै बालबालिकालाई आधारभूत र आवश्यक सिकाइ प्रदान गर्नेतर्फ उन्मुख गराइनेछ । प्राविधिक तथा व्यावसायिक शिक्षालाई आर्थिक वृद्धि, रोजगारी र उत्पादनशीलता बढाउने मुख्य इञ्जिनका रूपमा विकास गरिनेछ भने उच्च शिक्षा क्षमता, ज्ञान, अनुसन्धान र नवप्रवर्तनको आधारशिला बन्नेछ । विद्यालय म्यापिङ, विद्यालय सञ्जाल योजना, साझा गुणस्तर मापदण्ड, शिक्षक दरबन्दी मिलान तथा विद्यालय वर्गीकरणमार्फत सार्वजनिक शिक्षाको गुणस्तर सुधार गर्नेछौँ । सार्वजनिक र निजी सबै विद्यालयलाई न्यूनतम सिकाइ र समावेशीकरणको साझा मापदण्डभित्र ल्याउनेछौँ । शिक्षक र प्रधानाध्यापकलाई शिक्षा सुधारको केन्द्रमा राख्दै योग्यता, कार्यसम्पादन र पेसागत विकासमा आधारित प्रणाली लागू गर्नेछौँ ।

उच्च शिक्षालाई अनुसन्धानमुखी, प्रतिस्पर्धी र नवप्रवर्तन-केन्द्रित बनाउँदै विश्वविद्यालय, उद्योग र अनुसन्धान संस्थाबीचको सहकार्य सुदृढ गर्नेछौँ । अनुसन्धान तथा विकास (आर एन्ड डी)का लागि छुट्टै 'राष्ट्रिय अनुसन्धान तथा नवप्रवर्तन कोष' स्थापना गरी विज्ञान, प्रविधि, कृषि, स्वास्थ्य, ऊर्जा, कृत्रिम बौद्धिकता र डिजिटल अर्थतन्त्रसँग सम्बन्धित अनुसन्धान तथा नवप्रवर्तनलाई दीर्घकालीन वित्तीय आधार प्रदान गर्नेछौँ । खेल क्षेत्रको व्यवसायीकरण तथा अन्तरराष्ट्रिय प्रतिस्पर्धात्मकता अभिवृद्धिमार्फत खेलकुदलाई राष्ट्रिय गौरव, स्वास्थ्य, पर्यटन र समग्र अर्थतन्त्रसँग आबद्ध गर्नेछौँ ।

आधारभूत स्वास्थ्य सेवाको 'न्यूनतम मापदण्ड' लागू गर्दै आवश्यक जनशक्ति, औषधि, उपकरण र पूर्वाधारसहितको एकीकृत स्वास्थ्य सेवा प्रणाली विकास गर्नेछौँ । स्थानीय तहसम्म आधारभूत अस्पताल र ग्रामीण तथा दुर्गम क्षेत्रमा स्वास्थ्य सेवा पहुँच विस्तारलाई प्राथमिकता दिनेछौँ । स्वास्थ्य बीमा तथा स्वास्थ्यसँग सम्बन्धित सामाजिक सुरक्षा कार्यक्रमलाई पुनःसंरचना गरी नागरिकमैत्री बनाउनेछौँ । रोगको रोकथाम, मानसिक स्वास्थ्य, पोषण, नसर्ने रोग नियन्त्रण, टेलिहेल्थ सेवा तथा जनस्वास्थ्य प्रणाली सुदृढीकरणलाई प्राथमिकतामा राख्नेछौँ । आयुर्वेद, योग, ध्यान तथा वैकल्पिक उपचार पद्धतिलाई वैज्ञानिक र व्यवस्थित रूपमा प्रवर्द्धन गर्नेछौँ । निजी स्वास्थ्य संस्थाहरूको सेवा गुणस्तर नियमनलाई सुदृढ गर्नेछौँ । ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा दीर्घरोगी नागरिकका लागि समुदायमा आधारित हेरचाह अर्थतन्त्रको विस्तार गर्नेछौँ ।

सामाजिक सुरक्षा कार्यक्रमलाई समन्याय, लक्षित संरक्षण, राज्यको आर्थिक क्षमता र सामाजिक गतिशीलताको आधारका रूपमा पुनःसंरचना गर्नेछौँ । वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकलाई लक्षित गरी उद्यमशीलताका अवसर विस्तार गर्नेछौँ । 'कमाउँदै सिक्दै' अवधारणामा आधारित अप्रेन्टिससिप तथा रोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्नेछौँ । अनौपचारिक क्षेत्रलाई क्रमशः औपचारिक अर्थतन्त्रमा रूपान्तरण गर्दै श्रमिकलाई सामाजिक बीमा र श्रम संरक्षणको दायरामा ल्याउनेछौँ । सहकारी क्षेत्रलाई बचतकर्ताको विश्वास, वित्तीय अनुशासन र उत्पादनशील अर्थतन्त्रको आधारका रूपमा पुनःसंरचना गर्दै नियमनयुक्त तथा सदस्य-केन्द्रित प्रणाली विकास गर्नेछौँ । नियामकीय सुधारमार्फत बचतकर्ताको समस्या दीर्घकालीन रूपमा समाधान गर्नेछौँ ।

संरचनागत असमानता, बहिष्करण र अवसरको असन्तुलन न्यूनीकरण राज्यको प्रमुख दायित्व हो । पिछडिएका क्षेत्र, सीमान्तीकृत समुदाय तथा अवसरबाट वञ्चित वर्गको सार्वजनिक सेवामा समान पहुँच विस्तारलाई उच्च प्राथमिकता दिनेछौँ । दलित समुदायमाथि ऐतिहासिक रूपमा कायम संरचनागत विभेदको अन्त्य गर्दै लक्षित हस्तक्षेपलाई सुदृढ गरिनेछ । द्वन्द्वपीडितलाई न्यायको अनुभूति हुनेगरी शान्ति प्रक्रियाका बाँकी कार्यभारलाई निष्कर्षमा पुर्‍याइनेछ । वास्तविक भूमिहीन र सुकुम्बासीको पहिचान, सुरक्षित आवास, जग्गाको स्वामित्व तथा उत्पादनसँग आबद्ध जीविकोपार्जनका आधार सुदृढ गर्नेछौँ ।

विकासको मूल प्रवाहबाट ऐतिहासिक रूपमा वञ्चित कर्णाली, मधेस र सुदूरपश्चिमलगायतका क्षेत्रहरूको रूपान्तरण राज्यको शीर्ष प्राथमिकता हो । यी क्षेत्रहरूलाई केवल अनुदान वा राहतमा आश्रित बनाउनेभन्दा पनि राष्ट्रिय सम्भावना, कृषि, जलस्रोत, पर्यटन, संस्कृति, उद्यमशीलता तथा मानव पुँजी विकासको रणनीतिक केन्द्रका रूपमा विकास गर्नेछौँ ।

### बहुआयामिक अन्तरराष्ट्रिय सम्बन्धको विविधीकरण

नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, आत्मसम्मान र राष्ट्रिय हितलाई सर्वोपरि राखी सन्तुलित, स्वाधीन र परिणाममुखी परराष्ट्र सम्बन्ध विकास गर्नेछौँ । परराष्ट्र नीतिलाई आर्थिक रूपान्तरणको संवाहक बनाई वैदेशिक लगानी, ऊर्जा व्यापार, पर्यटन, निर्यात, प्रविधि हस्तान्तरण र वैदेशिक रोजगारीको गुणस्तरीय विस्तारमा जोड दिनेछौँ । सूचना प्रविधि, शिक्षा, स्वास्थ्य सेवा, हरित ऊर्जा र डिजिटल सेवामा नेपाललाई आकर्षक केन्द्रका रूपमा स्थापित गर्न कूटनीतिक पहल गर्नेछौँ ।

विदेशमा रहेका नेपाली समुदायको पुँजी, ज्ञान, सीप, प्रविधि र अन्तरराष्ट्रिय सञ्जाललाई राष्ट्रिय विकास महा-अभियानमा परिचालन गर्न 'डायस्पोरा साझेदारी' सुदृढ गर्नेछौँ । गैरआवासीय नेपालीको लगानी, वित्तीय सहभागिता र नवप्रवर्तनलाई सहजीकरण गर्न कानुनी तथा संस्थागत सुधार अघि बढाइनेछ । अन्तरराष्ट्रिय वित्तीय स्रोत, जलवायु वित्त, प्रविधि र नवप्रवर्तनमा पहुँच विस्तार गर्दै नेपाललाई विश्व अर्थतन्त्रसँग अर्थपूर्ण रूपमा आबद्ध गर्नेछौँ ।

आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटले मुलुकका विद्यमान आर्थिक चुनौतीहरूलाई सम्बोधन गर्दै समुन्नत नेपालको दिगो आधार तयार गर्नेछ । प्रस्तुत विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताले रोजगारी-केन्द्रित आर्थिक वृद्धि, संरचनागत सुधार, डिजिटल रूपान्तरण र सुशासनलाई केन्द्रमा राख्नेछ । निजी क्षेत्रको आत्मविश्वास पुनःस्थापना, लगानीमैत्री वातावरण निर्माण र प्रविधिमैत्री सार्वजनिक सेवा प्रवाहमार्फत नागरिकको जीवनस्तरमा गुणात्मक सुधार ल्याउने प्रतिबद्धता यसमा अन्तर्निहित छ । रासस

# आगामी आर्थिक वर्षको बजेटका मार्गदर्शक सिद्धान्त

काठमाण्डु । अर्थमन्त्री डा स्वर्णिम वाग्लेले सङ्घीय संसद्को दुवै सदनको छुट्टाछुट्टै बैठकमा आगामी आर्थिक वर्षको विनियोजन विधेयकका सिद्धान्त तथा प्राथमिकता प्रस्तुत गर्नुभएको छ ।

नेपालको संविधान, लोकतान्त्रिक मूल्य, मान्यता र असल शासनका मूल आदर्शप्रति अविचल रहँदै थिति बसाल्ने सङ्कल्पसहित नीतिगत स्थायित्व, संस्थागत सुदृढीकरण र परिणाममुखी शासन प्रणाली स्थापित गर्ने दिशातर्फ वर्तमान सरकार अघि बढेको उल्लेख गर्दै अर्थमन्त्री वाग्ले उक्त प्राथमिकता प्रस्तुत गर्नुभएको हो ।

सुशासन र न्याय, रोजगारमूलक आर्थिक वृद्धि तथा गुणस्तरीय सार्वजनिक सेवा र समान अवसरलाई केन्द्रमा राख्दै बजेट निर्माणको क्रममा रहेको उहाँको कथन छ ।

अर्थमन्त्रीले विनियोजन विधेयकका पाँचवटा मार्गदर्शक सिद्धान्त रहेको उल्लेख गर्नुभएको छ । त्यसमा सुशासनको लाभांश, अर्थतन्त्रको पुनर्संरचना, सन्निकटताका लागि एकीकृत पूर्वाधार, सर्वव्यापी सामाजिक उन्नयन र मध्यम वर्गको विस्तार र सौम्य शक्तिको सुदृढीकरण रहेका छन् ।

### सुशासनको लाभांश

सुशासनलाई नागरिकले प्रत्यक्ष अनुभूत गर्ने राज्यको नैतिक वैधता, सेवा दक्षता र आर्थिक सामर्थ्यका रूपमा स्थापित गर्नेगरी आगामी आवको बजेट प्रस्तुत हुने अर्थमन्त्रीले उल्लेख गर्नुभएको छ । यस्तै उहाँले विधिको विवेकसम्मत शासन, संस्थागत कुशलता र सार्वजनिक सदाचारको सर्वोपरिता सुशासन प्रत्याभूतिको प्रस्थानविन्दु हुनेछ भने राज्यलाई उत्तरदायी र प्रविधिमैत्री बनाउँदै सुशासनको प्रत्यक्ष लाभ नागरिकको दैनिक जीवनमा अनुभूत हुनेगरी शासकीय सुधारको शृङ्खला कार्यान्वयन गर्ने स्पष्ट पार्नुभयो ।

उहाँका अनुसार आगामी बजेट नागरिकको समय, श्रम र लागत बचत हुनेगरी द्रुत एवं विश्वसनीय सार्वजनिक सेवा सुनिश्चित गर्ने दिशामा केन्द्रित हुनेछ । एकीकृत डिजिटल सुशासनमा आधारित प्रशासनिक सुधारमार्फत सेवा प्रवाहमा हुने ढिलाइ, झन्झट र अवाञ्छित मध्यस्थताको अन्त्य गरिनेछ ।

सार्वजनिक संस्थाहरूलाई अवैध कब्जा र दोहनकारी प्रवृत्तिबाट मुक्त गरी राज्यका नीति, कानुन र नियामकीय व्यवस्थाको व्यापक पुनरावलोकन गर्ने अर्थमन्त्रीको कथन छ । सम्पत्ति शुद्धीकरण, राजस्व चुहावट, सार्वजनिक स्रोतको दुरूपयोग तथा सङ्गठित अपराधविरुद्धको अनुसन्धान र अभियोजन प्रणालीलाई भ्रष्टाचारविरुद्धको परिणाममुखी अभियान बनाइनेछ ।

### अर्थतन्त्रको पुन:सरचना

उच्च, फराकिलो र तीव्र आर्थिक वृद्धि



हासिल गर्दै पर्याप्त रोजगारी सृजना गर्नु अर्थतन्त्र पुनःसंरचनाको मूल लक्ष्य हुने अर्थमन्त्रीले जानकारी दिनुभयो । त्यस्तै, आगामी बजेटले उपभोगमा आधारित अर्थतन्त्रलाई लगानी र उत्पादनमुखी अर्थतन्त्रमा रूपान्तरण गर्नेछ । आर्थिक अवसरको विस्तार, उद्यमशीलताको प्रवर्द्धन, प्रतिस्पर्धात्मक वातावरणको सुनिश्चितता र वित्तीय साधनको उत्पादनशील परिचालनका आधारमा नयाँ चरणको आर्थिक सुधार अघि बढाइने सदनलाई उहाँले अवगत गराउनुभयो ।

सन्तुलित सार्वजनिक वित्त व्यवस्थापनमार्फत लगानीमैत्री आर्थिक वातावरण सुदृढ गर्ने, निजी क्षेत्रको आत्मविश्वास पुनःस्थापित गर्दै उद्यम-व्यवसायमा रहेका अवरोधहरू हटाइने अर्थमन्त्रीले उल्लेख गर्नुभयो । "अस्वस्थ प्रतिस्पर्धा, सिन्डिकेट, कार्टेलिङ र एकाधिकारको अन्त्य गर्दै समताउन्मुख सामाजिक बजार अर्थतन्त्र सुदृढ गर्नेछौँ । कर प्रणालीलाई सरल र न्यायोचित बनाउँदै उत्पादन र नवप्रवर्तनलाई प्रोत्साहन गर्नेछौँ । डिजिटल अर्थतन्त्र, सेवा निर्यात, स्वच्छ ऊर्जा र उच्च मूल्य अभिवृद्धियुक्त कृषि क्षेत्रलाई आर्थिक रूपान्तरणको संवाहकका रूपमा अघि बढाउनेछौँ", अर्थमन्त्रीले भन्नुभयो ।

नेपालको भूपरिवेष्टित प्रतिकूलतामा अन्तर्निहित संरचनागत आर्थिक भार कम गर्न अन्तरराष्ट्रियस्तरको हवाई सेवा, दूरसञ्चार तथा लजिस्टिक्स पूर्वाधारमा आमूल सुधार गर्ने, आयात प्रतिस्थापन गर्ने उद्योगहरूको प्रतिस्पर्धात्मक क्षमता बढाउन अस्थायी संरक्षणात्मक उपाय अवलम्बन गर्ने र निजी सम्पत्तिको सुरक्षा राज्यको दायित्व हुने अर्थमन्त्री डा वाग्लेले स्पष्ट पार्नुभयो ।

### सन्निकटताका लागि एकीकृत पूर्वाधार

सन्निकटताले भूगोल र बस्तीबीच मात्र होइन, उत्पादन, बजार, सेवा र अवसरबीचको दूरी न्यूनीकरण गर्दै आर्थिक-सामाजिक अन्तरसम्बन्ध सुदृढ गर्दछ । बृहत् पूर्वाधार निर्माणमार्फत सन्निकटता विस्तार गरी आर्थिक गतिशीलता र सामाजिक एकीकरणमा टेवा पुर्‍याउने अर्थमन्त्री वाग्लेले सदनलाई जानकारी दिनुभयो ।

उहाँका अनुसार सडक, हवाई, ऊर्जा, सहरी तथा डिजिटल पूर्वाधारलाई एकीकृत दृष्टिकोणका साथ विकास गर्ने, पूर्वाधारलाई समय, लागत र गुणस्तरको अनुशासनभित्र राख्न संस्थागत समन्वय सुदृढ गर्ने बजेटको प्राथमिकता हुनेछ ।

देशका सबै क्षेत्र र सम्प्रदायसम्म प्रतिफल पुग्नेगरी सन्तुलित विकासका लागि पुँजी, प्रविधि र व्यवस्थापकीय क्षमताको समुचित परिचालन गर्ने, आर्थिक गतिविधि, सेवा प्रवाह र राष्ट्रिय सन्निकटतालाई नयाँ स्तरमा पुर्‍याउनेगरी डिजिटल सार्वजनिक पूर्वाधार विस्तार गर्ने सरकारको लक्ष्य रहेको छ । यस्तै, जलवायु परिवर्तन, पर्यावरणीय सन्तुलन र विपद् जोखिमलाई मध्यनजर गर्दै उत्थानशील पूर्वाधार विकासको अवधारणा अवलम्बन गर्ने र प्राकृतिक स्रोतको संरक्षण, उपयोग र भविष्य-सुरक्षित अर्थतन्त्रबीचको सम्बन्ध सन्तुलित हुने उहाँको भनाइ छ ।

### सर्वव्यापी सामाजिक उन्नयन र मध्यम वर्गको विस्तार

गुणस्तरीय शिक्षा, स्वास्थ्य, पोषण र सीपमा समान पहुँच सुनिश्चित गर्दै सक्षम मानव पुँजी विकास गर्ने, राज्यको संरक्षण आवश्यक पर्ने व्यक्तिका लागि सामाजिक सुरक्षाको भरपर्दो आधार निर्माण गर्ने । रासस

# कोरला सडकमा पाँच वटा पुल निर्माणका लागि स्रोत सहमति

मुस्ताङ । उत्तर-दक्षिण जोड्ने कालीगण्डकी करिडोर (बेनी-जोमसोम-कोरला)सडक आयोजनाअन्तर्गत पाँच वटा पुल निर्माणका लागि रु ९६ करोड ८० लाख स्रोतको सहमति प्राप्त भएको छ ।

मालढुङ्गा-बेनी र बेनी-जोमसोम सडकखण्डमा पक्की पुल निर्माणका लागि अर्थमन्त्रालयले स्रोत सहमति दिएको हो । कोरला सडकमा बहुवर्षीय पुल निर्माणका लागि मन्त्रीस्तरीय निर्णय भएको बेनी-जोमसोम-कोरला सडक आयोजनाका आयोजना प्रमुख तेजस्वी शर्माले जानकारी दिनुभयो । आयोजनाका अनुसार कोरला सडकअन्तर्गत पर्वत-म्याग्दी जोड्ने बेनीस्थित कालीगण्डकी नदी, म्याग्दीको अन्नपूर्ण गाउँपालिका-३ स्थित रुप्से झरना, थासाङ-२ स्थित सुनखोला र घट्टे खोलाको बेलिब्रिज रहेको स्थान, थासाङ गाउँपालिका-टुकुचेस्थित थापाखोलाको बेलिब्रिज रहेको स्थानमा पक्की पुल निर्माणका लागि स्रोत सहमति भएको हो । पाँच वटै पुल निर्माणका लागि एक महिनाभित्रै ठेक्का प्रक्रियामा लगिने प्रमुख शर्माले उल्लेख गर्नुभयो ।

उत्तर/दक्षिण जोड्ने कोरला सडक आयोजनाअन्तर्गत हालसम्म १५ वटा पक्की पुल निर्माण सम्पन्न भइसकेको आयोजनाले जनाएको छ । कोरला सडकअन्तर्गत उपल्लो मुस्ताङको घमी खोलामा निर्माणाधीन पुल अन्तिम चरणमा रहेको र चालु आर्थिक वर्षभित्रै सम्पन्न हुने अवस्थामा रहेको जनाइएको छ । रासस

# मधेश बेरुजुमा पहिलो

टुडे समाचारदाता

जनकपुरधाम । आर्थिक वर्ष २०८१/८२ मा ७ प्रदेशमध्ये सबैभन्दा धेरै बेरुजु मधेसमा देखिएको छ। महालेखापरीक्षकको कार्यालयले सार्वजनिक गरेको ६३ औं प्रतिवेदन अनुसार यस वर्ष मधेस प्रदेशको बेरुजु प्रतिशत ३.७७ रहेका छ।

मधेश प्रदेशका १ सय ५० कार्यालयको ४९ अर्ब ६९ करोड रुपैयाँ बराबरको लेखा परीक्षण गरिएको थियो। जसबाट १ अर्ब ८७ करोड बराबर बेरुजु देखिएको छ। जुन कुल लेखा परीक्षणको ३.७७ प्रतिशत हो। मधेस प्रदेश सरकारको आर्थिक अवस्था भने निकै चुनौतीपूर्ण र बेथितिपूर्ण देखिएको छ।

मधेस प्रदेशमा बेरुजुको दर अन्य प्रदेशहरूको तुलनामा सर्वाधिक ३ दशमलव ७७ प्रतिशत पुगेको छ, जसले यहाँको सार्वजनिक खरिद प्रक्रिया र खर्चको वैधानिकतामाथि गम्भीर प्रश्न उठाएको छ। प्रदेश सरकार मातहतका निकायहरूमा नियमसंगत खर्च नहुने र प्रमाण



नपुग्याई भुक्तानी दिने प्रवृत्तिका कारण मधेस प्रदेश बेरुजुको सूचीमा सबैभन्दा माथि परेको महालेखाको निष्कर्ष छ।

सबैभन्दा कम बागमती प्रदेशको ०.८३ प्रतिशत बेरुजु कायम भएको छ। बागमतीका २ सय ९ कार्यालयको ८३ अर्ब १५ करोड रुपैयाँ बराबर लेखा परीक्षण भएको थियो। जसबाट ६९ करोड ३७ लाख बेरुजु देखिएको छ।

यसबाहेक कोशीका २ सय ८ कार्यालयको ५२ अर्ब ३८ करोड लेखा परीक्षणबाट ५५ करोड ५५ लाख बेरुजु कायम भएको देखिन्छ। जुन १.१२ प्रतिशत हो। गण्डकीका १ सय ८० कार्यालयको ४१ अर्ब ४५ करोड बराबर लेखा परीक्षण भएको थियो। यस प्रदेशको बेरुजु ५४ करोड ३ लाख कायम भएको छ।

त्यस्तै लुम्बिनीका २ सय १४ कार्यालयको ५७ अर्ब २० करोडको लेखा परीक्षण भएको छ। जसबाट ६३ करोड ३२ लाखको बेरुजु कायम भएको छ। जुन १.२७ प्रतिशत हो।

कर्णालीका १ सय ३७ कार्यालयको ३७ अर्ब १९ करोडको लेखा परीक्षणबाट ७० करोड बराबरको बेरुजु कायम भएको छ। जुन २.०८ प्रतिशत रहेको भने सुदूरपश्चिमका १ सय ५९ कार्यालयमा ३९ अर्ब ४९ करोडको लेखा परीक्षण गरिएको थियो। जसबाट ५५ करोड ५९ लाख बराबरको बेरुजु भएको छ। यो १.५३ प्रतिशत बराबर हो।

यस्तै प्रतिवेदनले बेपत्ता बालबालिका सम्बन्धमा सबैभन्दा गम्भीर र संवेदनशील विषय समेत औंल्याएको छ। प्रतिवेदन अनुसार राष्ट्रिय बाल अधिकार परिषद्ले यो वर्ष हराएका, बेवारिसे र सडकबाट ८ हजार ७९२ बालबालिकाको उद्धार गरेको थियो। तर उद्धार गरेर अस्थायी पुनर्स्थापना केन्द्रमा राखिएकामध्ये ५७५ जना बालबालिका राज्यकै संरक्षणबाट बेपत्ता (हराएका) छन्। उनीहरू कहाँ गए भन्ने सरकारी निकायलाई नै पत्तो छैन।

सामाजिक सुरक्षा भत्ता वितरणमा बेथिति देखिएको छ। राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले मृत्यु भएका व्यक्तिहरूको खातामा समेत सामाजिक सुरक्षा भत्ता गइरहने जोखिम नियन्त्रण गर्न नसकेको प्रतिवेदनमा उल्लेख छ। निष्क्रिय र मृत्यु भइसकेका लाभग्राहीको खाता ट्र्याक गर्ने प्रणाली नहुँदा राज्यको करोडौं रकम दुरुपयोग भइरहेको महालेखाले औंल्याएको छ।

# सकारात्मक सूचकांकमा निरन्तर पछि पर्दै तराई-मधेश

ब्लग :



श्यामसुन्दर शशि

भर्खरै माध्यमिक शिक्षा परीक्षाको परीक्षाफल सार्वजनिक भएको छ। जसमा देशभरि ६५.५ प्रतिशत विद्यार्थी सफल हुँदा मधेसका झण्डै ४२ प्रतिशत विद्यार्थी नन ग्रेडेड अर्थात् असफल भएका छन्। जबकि कर्णालीका ४१ प्रतिशत विद्यार्थीमात्र नन ग्रेडेड छन्। आठ जिल्लाको मधेशको जनसंख्या ६१ लाख भन्दा अधिक छ। जहाँ प्रति वर्ग किलोमिटर ६३३ व्यक्ति बसोवास (जनघनत्व) गर्छन्। मुलुकको कुल जिडिपिमा मधेशको योगदान १३.१ प्रतिशतमात्र छ।मधेशको प्रतिव्यक्ति आय ८७५ देखि ८९२ अमेरिकी डलरमात्र छ, जो अन्य प्रदेशभन्दा न्यून छ। यस प्रकार शिक्षामात्र होइन, स्वास्थ्य, रोजगारी, मातृ र शिशु मृत्युदर लगायतका सकारात्मक सूचकांकमा तराई मधेश निरन्तर पछि पर्दै गएको तथ्यांकहरुले देखाएको छ।

जबकि नोभेम्बर १९६७ देखि मार्च १९६८ को बीचमा अमेरिकी अनुसन्धानकर्ता फ्रेडरिक एच. गेजले नेपाल तराईका २१ जिल्लामा सन् १९६२ मा नेपालका निजी क्षेत्रका १ हजार ६ सय ८६ साना उद्योगमध्ये ७२ प्रतिशत तराईमा रहेको तथा नेपालको कुल राष्ट्रिय उत्पादनमा तराईको ५९ प्रतिशत र राजस्वमा ७६ प्रतिशत योगदान रहेको रिपोर्ट सार्वजनिक गरेका थिए।

अमेरिकी अध्येता गेजले तराईका जिल्लाहरूमा गरेको अध्ययन प्रतिवेदन सन् १९७५ मा 'रिजनालिज्म एण्ड नेशनल युनिटी इन नेपाल' शीर्षकमा अंग्रेजीमा र सन् २०१३ मा नेपाली भाषामा तथा सन् २०२५ मा मोहन मैनालीद्वारा अनुदित 'क्षेत्रीयता र राष्ट्रिय एकता' शीर्षकमा प्रकाशित भएको छ।

गेजका अनुसार, तत्कालीन राज्यसत्ताले राष्ट्रिय एकताका, राजस्व असुली तथा बसाईंसराइमार्फत तराईमा प्रभुत्व जमाउँन चाहेका थिए। यस उद्देश्यले नियोजितरुपमा तराईको जंगल फडानी र चुरे अतिक्रमण गराइएको थियो। जंगल फडानी र चुरे दोहनको दुष्परिणाम तराईमा जल संकट, भू-क्षय, वातावरणजन्य समस्याको रुपमा देखापर्ने प्रक्षेपण उनले ६० वर्ष अघिनै गरेका थिए। सन् १९५४ मा संयुक्त राष्ट्र संघका वन विशेषज्ञहरुले महाभारत पर्वतको अवस्थाबारे गरेको अध्ययन प्रतिवेदनमा उल्लेखित सन्दर्भलाई उनले यसप्रकार लेखेका छन्- 'वन विनाश र भूक्षयले गर्दा माटोको उत्पादकत्व र पानीको आपूर्ति घट्दै गएको तथा जलवायुको अवस्थासमेत परिवर्तन हुँदै गएको पाएका थिए।' प्रतिवेदनको आलोकमा उनले टिप्पणी गरेका थिए- 'कृषि उत्पादनमा कमी आउने बित्तिकै यसले वन विनाश गराउँछ।' उनले लेखेका छन्।

६० वर्षअघि गेजले गरेको भविष्यवाणी आज सत्य प्रमाणित हुदै छ। तराईको वातावरणमा व्यापक परिवर्तन आएको छ। अतिवृष्टि, अनावृष्टि, भू-क्षय, खाद्यान्न संकटले जनजीवन प्रभावित हुन थालेको छ। भू-तलको पानीको मुहान सुक्न थालेको छ। खानेपानीसमेतको अभाव भएको छ। ६० वर्ष पूर्व गेजले गरेका प्रक्षेपणमाथि नेपाल सरकारले गम्भीरतापूर्वक ध्यान दिएको भए, तराईलाई जल संकटको सामना गर्नु पर्ने थिएन। तराई काकाकुल हुने थिएन।

गेजका अनुसार, बीसौं शताब्दीको सुरुतिर पहाडका मानिसहरु तराईको औलोसंग डराउँथे। त्यसैले राणाहरुले भारतीय जमिन्दार हरुलाई तराईका जमिन सम्हाल्न र तराईमूलका अधियारहरुलाई तराईमा बसोबास गर्न प्रोत्साहन दिएका थिए। त्यतिवेला नेपालमा आर्थिकरुपले सक्रियमध्ये ९४ प्रतिशत मानिस जीविकोपार्जनका लागि कृषिमाथि निर्भर थिए। सन् १९६४-६५ मा ६५ प्रतिशत कुल ग्रार्हस्थ उत्पादन कृषि क्षेत्रबाट प्राप्त भएको थियो। विद्यालय, स्वास्थ्य संरचना पटरी बनाउन कडा काठको धेरै आवश्यकता थियो। मालपोत बढाउनका लागि राणाहरुले तराईमा बसोबासलाई पनि प्रोत्साहन गरेका थिए। बसाईंसराइ बढ्दै गएपछि तराईको उद्योग व्यवसायमाथि पहाडेमूलका व्यवसायीहरुको प्रभुत्व बढ्न थाल्यो। उनले लेखेका छन्- 'झापा जिल्लामा पहाडेमूलका मानिसहरु कुल जनसंख्याको १६ प्रतिशतमात्र छन् भने साना उद्योग चलाउनेहरुको कुल संख्यामा उनीहरुको मात्रा ५८ प्रतिशत छन्। कैलालीमा पहाडेमूलका मानिसहरुको संख्या १० प्रतिशत छन् तर ७३ प्रतिशत साना उद्योगका मालिक पहाडे छन्। बारामा पहाडेमूलको जनसंख्या २ प्रतिशतमात्र छन् तर साना उद्योग चलाउनेहरुमा १३ प्रतिशत छन्।'

साई सराईको नाममा पहाडबाट मानिस ओसार्ने अजब गजबको नियम लगाइएको थियो। सुरुमा तस्करी र चोरी डकैतीजस्ता घटनाहरु नियन्त्रण गर्ने नाममा अवकासप्राप्त भारतीय ब्रिटिश गोर्खा सैनिक र नेपाली सैनिकहरुलाई सीमा क्षेत्र (तराई)मा बसोबास



गराइएको थियो। त्यसपछि सरकारले ल्याएको दोस्रो आवधिक योजना अन्तर्गत सन् १९६२ देखि १९६५ को बीचमा तराईका ५० हजार एकड जमिनमा ६ हजार परिवारलाई बसोबास गराउन बजेट नै निकासा गरिएको थियो। सन् १९६३ मा इजराइली सरकारले मध्य नेपालको भित्री मधेस र त्यसको तीन वर्षपछि सुदूरपश्चिमको बाँके जिल्लामा लगभग ८ सय परिवारलाई बसोबास गराउने विषयमा सहमति भएको थियो।

१९६७ मा नेपाल तथा इजराइल र अष्ट्रेलियाको बीचमा झापाको ३ हजार एकड भूमिमा भूतपूर्व सैनिकलाई बसोबास गराउने विषयमा सहमति भएको थियो।

यस प्रकार तराईमा चलाइएको बसाईंसराइको अटुट श्रृंखलाको कारण अचेल नेपाल तराईको १७ प्रतिशत भूमिमाथि मुलुकको ५० प्रतिशत भन्दा अधिक मानिस बसोवास गर्छन्। त्यतिवेला राजस्वको मूल स्रोत भनिएको कृषि उत्पादन घटेको छ। कडा जातका रुखहरु कटानी गरेर बस्ती बसाइएका छन्। तराईमा सञ्चालित विराटनगर जूट मिल्स, जनकपुर चुरोट कारखाना, बिरगंज चिनी कारखाना तथा धान मिलहरु बन्द भएका छन्। ६० वर्ष अघि नेपालको कुल राजस्वको ७६ प्रतिशत योगदान दिने तराई भूमि गरिबी रेखामुनि परेको छ।

तथा औद्योगिकरणको आरम्भ पनि तराईबाटै भएको गेजको अध्ययनबाट प्रष्ट हुन्छ। सीमावर्ती भारतीय शहरहरुमा रेल र सडक यातायातको सुविधा उपलब्ध भएपछि सुरुमा भारतीय व्यापारीहरु तराईमा उद्योग खोल्न उत्साहित भएका थिए।

गेजका अनुसार, सन् १९३६ मा बिराटनगरमा देशकै सबभन्दा ठूलो जूट मिल संचालनमा आएको थियो। सन् १९३७ मा ठूलो धान मिल, सन् १९४२ मा कपडा मिल र सन् १९४६ मा चिनी मिल स्थापना भएको थियो। तराईमा उद्योग धन्दाको सम्भावना देखेर पहाडीमूलका गौरीनारायण गिरीका पिताले सन् १९३८ मा जनकपुरमा नेपालकै सबभन्दा ठूलो धान मिल स्थापना गरेको तथा भारतीय व्यावसायीहरु नेपालमा बिडी र रक्सी लगायतका उद्योग संचालन गरेको उल्लेख गरेका छन्। भारतीय व्यापारीहरुले नेपालमा उद्योग स्थापना गर्नुको मुख्य कारण भारतमा लगाइएको अन्तःशुल्क छल्नु थियो।

त्यतिवेला तराईको वन मुलुकको राजस्वको प्रमुख हिस्सा थियो। सन् १९२० को दशकमा प्रधानमन्त्री चन्द्र शमशेरले मोरंग र बारामा तथा सन् १९३० को दशकमा युद्ध शमशेरले महोत्तरीमा भारतीय ठेकेदार र पहाडे जनजाति मजदुर लगाएर जंगल फाँडे र काठ भारत निकासी गरका थिए। भारतमा रेलको

# तीनजनाले पाए सफाई

टुडे समाचारदाता

वीरगञ्ज। विशेष अदालतले पर्साको बहुदरमाई नगरपालिकाको सडक मर्मत तथा कालोपत्रे ठेक्का प्रकरणमा भ्रष्टाचार आरोप खेपिरहेका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत महमद शेरे मुस्तुफासहित तीन जनालाई सफाइ दिएको छ।

विशेष अदालतको इजलास नम्बर १ मा अध्यक्ष न्यायाधीश सुदर्शनदेव भट्ट तथा सदस्य न्यायाधीशहरू डिल्लीराज श्रेष्ठ र विष्णु कोइरालाको संयुक्त इजलासले सफाई दिएको हो। अदालतबाट सफाई पाउनेमा उपसचिव महमद शेरे मुस्तुफा, बहुदरमाई नगरपालिकाका तत्कालीन सहलेखापाल उपेन्द्र कुमार साह र जनप्रतिबिम्ब दैनिकका प्रकाशक सन्जय कुमार साह रहेका छन्।

आर्थिक वर्ष २०८०/०८१ को वार्षिक योजना अन्तर्गत बैरियाको प्रवेशद्वारदेखि नगरद्वारसम्म सडक मर्मत तथा कालोपत्रे गर्ने योजनाको ठेक्का प्रक्रियामा अनियमितता भएको आरोप लाग्दै आएको थियो।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ठेक्का प्रक्रियामा मिलेमतो गरी कमिशनको आधारमा आफू निकट व्यक्तिलाई बोलपत्रमार्फत ठेक्का दिइएको तथा बजेट दुरुपयोग गरिएको दाबी गर्दै २०८२ पुस ९ गते विशेष अदालतमा मुद्दा दायर गरेको थियो।

# ४४९ कैदीबन्दी अझै फरार



टुडे समाचारदाता

जनकपुरधाम। मधेश प्रदेशका विभिन्न कारागारबाट 'जेन-जी आन्दोलन'का क्रममा फरार भएका कैदीबन्दीमध्ये अझै ४४९ जना अझै पक्राउ गर्न बाँकी नै छ। प्रदेश प्रहरी कार्यालयले सार्वजनिक गरेको पछिल्लो विवरणले आन्दोलनका बेला सुरक्षा व्यवस्थामा ठूलो कमजोरी देखिएको संकेत गरेको छ।

प्रहरी तथ्यांकअनुसार आन्दोलनको अवधिमा मधेशका विभिन्न जिल्लाबाट कुल १ हजार ४५ जना कैदीबन्दी तथा सुधार गृहमा रहेका बालक फरार भएका थिए। तीमध्ये ५९६ जनालाई पुनः नियन्त्रणमा लिन सफल भए पनि बाँकी सयौँ व्यक्तिको अवस्था अझै अज्ञात छ।

सबैभन्दा ठूलो क्षति महोत्तरी कारागारमा भएको देखिएको छ त्यहाँबाट एकैपटक ५७६ जना कैदीबन्दी भागेका थिए। हालसम्म ३२५ जनालाई मात्र पक्राउ गर्न सकिएको छ भने २५१ जना अझै फरार छन्। प्रदेशभर फरारमध्ये सबैभन्दा धेरै संख्या महोत्तरीकै रहेको छ। रौतहट कारागार पनि आन्दोलनबाट गम्भीर रूपमा प्रभावित भएको थियो त्यहाँबाट २५९ जना फरार भएकामध्ये १४७ जनालाई प्रहरीले पुनः पक्राउ गरिसकेको छ। तर ११२ जना अझै पक्राउको दायरामा आउन सकेका छैनन्।

सप्तरी कारागारबाट भागेका २०५ जनामध्ये १३० जनालाई पुनः नियन्त्रणमा लिइएको छ भने ७५ जना अझै बेपत्ता छन्। सिरहामा फरार भएका १० जनामध्ये ४ जना पक्राउ परेका छन् भने ६ जना अझै खोजी सूचीमा छन्।

त्यस्तै अर्को विवरणअनुसार रौतहटकै एक हिरासत घटनामा फरार भएका १४ जनामध्ये एक जनालाई मात्र पक्राउ गरिएको छ। बाँकी १३ जना अझै सम्पर्कविहीन रहेको प्रहरीको भनाइ छ सर्लाहीमा भने हाल कुनै फरार कैदीबन्दी नरहेको जनाइएको छ।

कारागार मात्रै होइन, आन्दोलनको प्रभाव बाल सुधार गृहसम्म पुगेको थियो। पर्सास्थित बाल सुधार गृहबाट ६८ जना बालक भागेका थिए। तीमध्ये २० जनालाई मात्रै फिर्ता ल्याउन सकिएको छ भने ४८ जना अझै सम्पर्कबाहिर छन्।

लामो समय बित्दा पनि ठूलो संख्यामा फरार व्यक्तिहरू पक्राउ नपर्नुले कारागार सुरक्षा प्रणाली, आन्दोलन नियन्त्रण रणनीति तथा प्रहरी संयन्त्रको प्रभावकारितामाथि प्रश्न उठ्न थालेको छ।

मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक गोविन्द थपालियाले भने फरारमध्ये आधाभन्दा बढीलाई पुनः पक्राउ गरिसकिएको दाबी गरेका छन्। उनका अनुसार नेपालभित्र रहेका धेरैजसो फरार व्यक्तिहरू नियन्त्रणमा आइसकेका छन् भने बाँकी अधिकांश भारततर्फ भागेको पक्राउ गर्न नसकिएको हो।

"फरारमध्ये धेरैजसो सीमावर्ती क्षेत्र हुँदै भारत प्रवेश गरेको देखिएको छ। उनीहरूको सुरक्षा निकायले निगरानी भइरहेको छ," थपालियाले भने, "भारतीय सुरक्षा निकायसँग आवश्यक समन्वय गरी बाँकीलाई पनि पक्राउ गर्ने प्रक्रिया अगाडि बढाइएको छ।"

खुला सीमा र आन्दोलनको अव्यवस्थित अवस्थालाई प्रयोग गर्दै ठूलो संख्यामा कैदीबन्दी भाग्न सफल भएको प्रहरी अधिकारीहरू स्वीकार गर्छन्। अहिले पनि फरारमध्ये कतिपय गम्भीर अपराधका अभियुक्त हुन सक्ने भएकाले सुरक्षा निकायले उनीहरूको खोजीलाई उच्च प्राथमिकतामा राखेको जनाएको छ।

# कृषिमा लगानी उच्च, उपलब्धी न्यून



टुडे समाचारदाता

जनकपुरधाम। कृषि क्षेत्रको विकासका लागि अनुदानमा सरकारले ठूलो रकम खर्च गरे पनि त्यसको उचित प्रतिफल प्राप्त हुन नसकेको देखिएको छ।

महालेखापरीक्षकको ६३ औं वार्षिक प्रतिवेदन अनुसार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयले एकै वर्षमा विभिन्न १२ वटा अनुदान कार्यक्रममार्फत ३२ अर्ब १३ करोड ७९ लाख रुपैयाँ खर्च गरेको छ। तर उपलब्ध न्यून देखिएको छ।

कुल अनुदानको ठूलो हिस्सा रासायनिक मल खरिदमा मात्र केन्द्रित भएको प्रतिवेदनले औंल्याएको छ। प्रतिवेदनका अनुसार, मन्त्रालयले प्रदान गरेको कुल अनुदानमध्ये ८३.५१ प्रतिशत हिस्सा रासायनिक मल खरिदमै ओगटेको छ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४० (५) बमोजिम अनुदान जुन काममा लागि दिइएको हो सोही काममा लक्ष्यअनुसार खर्च भए/नभएको अनुगमन गरी वार्षिक विवरण तयार गर्नुपर्ने व्यवस्था भए पनि यसको कार्यान्वयनमा कमजोरी देखिएको छ।

संघीयता कार्यान्वयनसँगै संघ, प्रदेश र स्थानीय तह गरी तीनवटै तहबाट कृषि क्षेत्रमा विभिन्न अनुदान कार्यक्रम सञ्चालन भइरहेका छन्। तर, अनुदान वितरणको एकीकृत अभिलेख अद्यावधिक नहुँदा वितरणमा दोहोरोपन देखिएको प्रतिवेदनले उल्लेख गरेको छ।

प्रतिवेदनले अनुदान वितरण प्रक्रियामा रहेका थुप्रै समस्याहरूलाई उजागर गरेको छ। "किसान सूचीकरण र परिचयपत्र वितरणको कार्य पूरा नहुनु। अधिकांश अनुदान प्रस्तावको मागका आधारमा वितरण गरिने हुँदा सीमान्तकृत किसानहरूको पहुँच पुग्न नसक्नु। तीन तहका सरकारबीच समन्वयको अभावले गर्दा अनुदान उपयोगको स्थिति, अनुगमन र मूल्यांकन प्रभावकारी हुन नसक्नु हो," प्रतिवेदनमा भनिएको छ।

# मेयर सिंहविरुद्ध चार मुद्दा दर्ता

टुडे समाचारदाता

वीरगञ्ज। वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंहविरुद्ध अर्काकी छोरीलाई आफ्नै सन्तान कायम गरी झुटा विवरणका आधारमा जन्मदर्ता, नागरिकता र राहदानी बनाएको आरोपमा जिल्ला अदालत पर्सामा चारवटा मुद्दा दर्ता भएका छन्।

जिल्ला सरकारी वकिल कार्यालय पर्साले मेयर सिंहसहित चार जनाविरुद्ध लिखत सम्बन्धी कसुर, नागरिकता किर्ते तथा राहदानीसम्बन्धी कसुरमा कानुनी कारवाही अघि बढाएको हो। सो प्रकरणमा मेयर सिंहसँगै सिन्धुपाल्चोक इन्द्रावती गाउँपालिकाकी रिता भट्टराई, रुविना श्रेष्ठ तथा वीरगञ्ज महानगरपालिकाका तत्कालीन पञ्जीकरण अधिकारी भिखारी राय लाई पनि प्रतिवादी बनाइएको छ।




जिल्ला अदालत पर्साका श्रेस्तेदार प्रभाकर कुमार मल्लिकका अनुसार सरकारी वकिल कार्यालयले मुलुकी अपराध संहिता २०७४ को दफा ४१, नागरिकता ऐन २०६३ तथा अपराध पीडित संरक्षण ऐन २०७५ अन्तर्गतका विभिन्न कसुरमा अभियोग दर्ता गरेको हो। आरोप पुष्टि भए दोषीलाई १५ हजारदेखि ५ लाख रुपैयाँसम्म जरिवाना तथा ६ महिनादेखि ३ वर्षसम्म कैद सजाय हुन सक्ने कानुनी व्यवस्था रहेको उनले बताए।

अभियोग पत्रअनुसार मेयर सिंहले २०३१ साल माघ २० गते रिता भट्टराईलाई आफ्नी श्रीमतीका रूपमा देखाउँदै रुविना श्रेष्ठको जन्मदर्ता गराएका थिए। त्यसै जन्मदर्ताको आधारमा २०७५ साउन १० गते नागरिकता र १२ दिनपछि राहदानीसमेत जारी गरिएको अनुसन्धानबाट खुलेको सरकारी वकिल कार्यालयको दाबी छ।

यो प्रकरण २०८० साल माघमा वीरगञ्ज-३ छपकैयाका लियाकत अलीले जिल्ला प्रहरी कार्यालय पर्सामा दिएको उजुरीपछि सार्वजनिक भएको थियो। उजुरीमा मेयर सिंहले अर्काकी छोरीलाई आफ्नै सन्तान देखाएर किर्ते जन्मदर्ता तयार गरी नागरिकता, राहदानी तथा अन्य सरकारी कागजात बनाएको आरोप लगाइएको थियो।

उजुरीपछि जिल्ला प्रहरी कार्यालय पर्साले अनुसन्धान प्रक्रिया सुरु गरे पनि लामो समयसम्म अनुसन्धान प्रभावकारी रूपमा अघि बढ्न सकेको थिएन। उजुरी दर्ता हुँदा तत्कालीन प्रहरी उपरीक्षक कोमल शाह पर्सामा कार्यरत थिए। त्यसपछि क्रमशः कुमोद ढुंगेल, गौतम मिश्र र हालका प्रहरी उपरीक्षक सुदीप राज पाठक को कार्यकालसम्म पनि अनुसन्धान निष्कर्षमा पुग्न सकेको थिएन।

अनुसन्धानमा ढिलाइ भएको भन्दै उजुरीकर्ता लियाकत अलीले उच्च अदालत वीरगञ्ज अस्थायी इजलास, जनकपुरमा रिट दायर गरेका थिए। अदालतले प्रहरी प्रशासनलाई तत्काल अनुसन्धान अघि बढाउन परमादेश जारी गरेपछिप्रहरीले विस्तृत अनुसन्धान गरी प्रतिवेदन जिल्ला सरकारी वकिल कार्यालयमा बुझाएको थियो। सोही प्रतिवेदनका आधारमा अहिले औपचारिक रूपमा मुद्दा दर्ता भएको हो।

सरकारी वकिल कार्यालयद्वारा दायर गरिएको मुद्दापछि वीरगञ्जको राजनीतिक तथा प्रशासनिक वृत्तमा व्यापक तरंग सिर्जना भएको छ। स्थानीय तहको नेतृत्वमै रहेका व्यक्तिविरुद्ध सरकारी कागजात किर्तेसम्बन्धी गम्भीर अभियोगसहित मुद्दा दर्ता भएपछि यो प्रकरणलाई अर्थपूर्ण रूपमा हेरिएको छ।

# जिल्लास्तरीय छनोट प्रतियोगिता शुरु

टुडे समाचारदाता

जनकपुरधाम। 'खेली मधेश जिती मधेश' मूलनाराका साथ धनुषामा जिल्लास्तरीय छनोट प्रतियोगिता कराते २०८३ शुरु भएको छ।

जनकपुरधाममा शुक्रबार धनुषा खेलकुद विकास समितिका अध्यक्ष कुशकुमार यादवको प्रमुख आतिथ्यतामा उद्घाटन गर्दै खेल शुरु भएको जनाइएको छ।



व्यावसायिक खेतिमा विषादीको कम प्रयोग

कम विषादी, राम्रो बाली,
स्वस्थ रहोस् हाम्रो थाली।
सजग किसान, सहि पहिचान, प्राकृतिक-अर्गानिक खेती नै महान।

आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८